# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

गोकुल जोशीको वास्तविक नाम गोकुलप्रसाद पोखरेल हो । आफू जैसी भएकाले पोखरेल हटाएर जोशी लेखेको भन्ने भनाइ रहेको पाइन्छ । वि.सं. १९८७ सालमा तनहुँको राइपुर गाउँमा जन्मेका जोशीको मृत्यु वि.सं. २०१८ सालमा भएको देखिन्छ । २००७ साल अघिसम्म विदेश पलायन भएका जोशी राणा शासनको अन्त्यपछि स्वदेश फर्किएर जागिर खान थालेका र २००८ सालमा कर्मचारी आन्दोलनमा लाग्दा जागिर खोसिए पछि वर्गीय हिसाबले निम्नवर्गीय निमुखा नेपालीहरुको मुक्तिमा जनसाहित्य निर्माण गरी जनजागरणमा सक्रिय रहनाले गोकुल जोशी जनकवि वा जनकनि जुरेलीका नामले पनि अध्ययन गर्ने गरेको पाइन्छ ( सुकुम शर्मा, २०५९: क र ग ) ।

सुकुम शर्माद्वारा २०५९ सालमा सम्पादित गोकुल जोशीका सङ्कलित रचनाहरू कृतिमा सङ्ग्रहीत रचनाहरुमा यिनका पाँचवटा कवितासङ्ग्रहमध्ये यहाँ एउटा 'बाँच र बाँच्न देऊ' कविता सङ्ग्रहका कविताभित्र प्रयुक्त भाषालाई समाजभाषिक दृष्टिअन्तर्गत निम्नवर्गीय जनताप्रति उत्तरदायी चेतनशील कविको जनजागरणमूलक भाषालाई अध्ययन गरिएको छ । भाषिक अध्ययनमा लिङ्ग, पात्र, शिक्षित, अशिक्षित, मूर्ख, विद्वान, बाल, युवा, वृद्धका आधारमा नभई विशुद्ध कविको निम्नवर्गीय सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, राष्ट्रभक्ति, शासकीय निरंकुशता आदिका पक्ष र विपक्षमा प्रस्तुत अभिव्यक्तिभित्र प्रयुक्त भाषालाई सामाजिक रुपमा मात्र अध्ययन गरिएको छ । यसमा कवि भावनाको सामाजिक उत्तरदायित्वलाई भाषाले वहन गर्न सकेको छ कि छैन भन्ने जिज्ञासालाई अध्ययनको पृष्ठभूमि बनाउँदै शोधलाई पूर्णता दिने काम गरिएको छ ।

भाषा मानवीय अवयवद्वारा उच्चरित वस्तु हो । समाज भाषाविज्ञान भाषाविज्ञानको एउटा शाखाका रूपमा विकसित भएको शाखा हो । समाज र भाषा बिचको अन्तरसम्बन्धलाई केलाउने र सामाजिक सम्बन्धका आधारमा भाषाको अध्ययन गर्ने सामाजिक भाषाविज्ञानको नवीन शाखा हो । भाषाको अस्तित्त्व समाजमा रहन्छ । समाजविना भाषाको कुनै पनि प्रकारको

अध्ययन अनुसन्धान अधुरो रहन्छ । त्यसै कारणले भाषाको महत्त्व समाजमा नै रहन्छ । भाषाको सैद्धान्तिक स्वरूपको अध्ययनले मात्र प्रयोजनको वर्णन र व्याख्या पूर्ण हुन नसक्ने हुनाले भाषाको व्यावहारिक वा प्रकार्य पक्ष र संरचना पक्ष दुबैको एकैसाथ अध्ययन हुनुपर्ने आग्रहका साथ समाज भाषाविज्ञान अर्थात् सामाजिक भाषाविज्ञानको उदय भएको हो । भाषावैज्ञानिक अध्ययनको क्षेत्रमा सन् १९३० को दशकदेखि १९६० को दशकसम्म रूपान्तरणवादी भाषावैज्ञानिक पद्दतिहरू र १९७० को दशकदेखि सामाजिक भाषाविज्ञानले महत्त्व पाउन थालेको देखिन्छ ।

समाजमा विभिन्न समुदायबाट आएका मानिसहरूको बसोबास रहेको हुन्छ । ती समुदायमा रहेका व्यक्तिहरूले के कस्तो भाषा प्रयोग गर्छन् वा बोल्छन् ? कस्ता कस्ता रीतिरिवाज, धर्म, संस्कृति, मूल्य र मान्यता भएका व्यक्तिहरू बसोबास गर्दछन् ? थाहा पाउनका लागि, त्यस्तै 'उलार' उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, उमेरगत आदि आधारमा भाषिक प्रयोगको स्थिति पहिल्याएर त्यसमा भएको कमी कमजोरीहरू हटाउनको लागि शोधपत्रमा अनुसन्धान गरिएको छ ।

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा ५९८ पाठयांशको पूर्तीको प्रयोजनसँग सम्बन्धित छ । भाषाले समाजसँग राख्ने सम्बन्ध भाषा र मानवको प्रत्यक्ष सम्बन्ध, समाजलाई भाषाले पार्ने प्रभावदेखि लिएर भाषा पाठ्यपुस्तक, पाठयक्रम, सङ्कथनात्मक विश्लेषण जस्ता सम्पूर्ण पक्षको अध्ययन भाषिक अनुसन्धानसँग सम्बन्धित छन् । यस बाहेक भाषिक अनुसन्धानले भाषिक उत्पत्ति, विकासक्रम, भाषिक अपक्षय तथा भाषामा कोड परिवर्तन, कोड मिश्रण जस्ता पक्षको पनि अध्ययन गर्दछ ।

## १.२ समस्याकथन

अनुसन्धान कार्यका निम्ति छनौट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तु समस्या हो । समस्या भएको विषयवस्तुमा नै अनुसन्धान गर्ने गरिन्छ । एक अर्काको भावना बुझ्ने माध्यम भनेको भाषा हो । भाषाको माध्यमबाट व्यक्तिले विचार प्रकट गर्दछ । भाषाद्वारा नै जीवनका यावत् क्रियाकलापप्रति चिन्तन, मनन, भाव र विचार प्रकट गर्ने गरिन्छ । भाषाद्वारा समाजमा पारस्परिक सम्बन्धको विकास हुन्छ ।

सामाजिक सम्पर्कका लागि व्यक्ति वा समुदायले एउटै भाषाका एकभन्दा बढी भेद मात्र नभई एकभन्दा बढी भाषाको पनि प्रयोग गर्ने गर्दछन् । समाजको संरचना अनुसार भाषा पनि फरक हुने गर्दछ । क्षेत्रीय, सामाजिक, जातीय, लैङ्गिक, उमेरजन्य, धार्मिक मूल्य र मान्यता शिक्षा जस्ता साँस्कृतिक तथा कालिक परिवेशमा भाषाको प्रयोग हुन्छ । जुन भौगोलिक, साँस्कृतिक तथा कालिक परिवेशमा भाषाको प्रयोग हो । सोही अनुसार नै त्यसको संरचना शब्दभण्डार आदिमा छाप परेको पाइन्छ । यस्ता समस्या समाधानका लागि पनि सामाजिक अध्ययन गर्न आवश्यक छ ।

कुनै पनि समाजमा रहेको सामाजिक परिवेश साहित्यमा पनि परेको हुन्छ । त्यसै रूपले गर्दा 'उलार' उपन्यासमा पनि समाजको वास्तविक परिवेश देख्न पाइन्छ । समाजका आर्थिक, सामाजिक, राजनैतिक, वर्ग, जाति, पेशा, लिङग, उमेर, शैक्षिक अवस्था, सामाजिक भेद आदिको सङ्गमको रूपमा 'उलार' उपन्यास रहेको छ । उपन्यासको समाजभाषिक अध्ययन नै यस शोधको प्रमुख समस्या हो । समग्रमा प्रस्तुत शोधकार्य निम्न लिखित समस्यामा केन्द्रित रहेको छ :

(क) कवि जोशीको कवि व्यक्तित्वको समीक्षात्मक मूल्याङ्कन के-कस्तो रहेको छ ?

(ख) 'बाँच र बाँच्न देऊ' कवितासङ्ग्रहभित्रका कविताहरुमा जनजागरणमूलक भाषाको भाषिक अवस्था के-कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्यहरू

प्रस्तुत शोधका उद्देश्यहरू निम्नानुसार छन् :

(क) कवि जोशीको कवि व्यक्तित्वको समीक्षात्मक मूल्याङ्कन के-कस्तो रहेको छ ?

(ख) 'बाँच र बाँच्न देऊ' कवितासङ्ग्रहभित्रका कविताहरुमा जनजागरणमूलक भाषाको भाषिक अवस्था के-कस्तो रहेको छ ?

## १.४ अध्ययनको औचित्य र महत्व

प्रस्तुत शोध आफैमा महत्वपूर्ण छ । जनसाहित्य जनताका जीवनसँग नजिकिएका हून्छन् । यस्ता जनसाहित्यको निर्माणमा जनकविका जीवनसङ्घर्ष पनि खर्चिएको हुन्छ । लोक वा जन कल्याणका लागि सिर्जना गरिएका कविताहरू आफैमा गरिमायुक्त हुन्छन् । नेपाली साहित्यमा गोकुल जोशी एक स्थापित जनकवि हुन् । उनका कवितामा जनताका मुक्तिका लागि गरिएका

सङ्घर्ष र पीडाहरूको भावपूर्ण अभिव्यक्ति पाइन्छ । ती भावहरू जनभावनानुरुप जनभाषाका दृष्टिले अध्ययनीय रहेका छन् भन्ने मूल्याङ्कन यस शोधबाट निष्कर्षका रुपमा आएकाले यसको औचित्य र महत्व स्वतः देखिन्छ ।

भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ । सामाजिक दृष्टिले भाषाको अध्ययन सामाजिक भाषाविज्ञानमा हुन्छ । यस्तो अध्ययनमा सामाजिक भाषाको प्रयोगपरक अध्ययनमा जोड दिइन्छ । भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको महत्त्वपूर्ण र प्रभावकारी अध्ययन भएकोले पनि समाजमा यसको के कस्ता सन्दर्भमा र कसरी प्रयोग हुन्छ भन्ने कुराको अध्ययन गर्न जरुरी हुन्छ ।

भाषा सामाजिक वस्तु भएकोले यसका वाक्प्रतीकहरू केवल भाषिक प्रतीकका रूपमा मात्र व्यवस्थित हुँदैनन् । ती प्रतीकहरूले मानिसका आस्था, सामाजिक व्यवस्था र संस्कृतिको पनि प्रतिनिधित्व गरेका हुन्छन् । त्यसैले भाषालाई सामाजिक प्रतीकका रूपमा मान्नुका साथै सम्पर्क भाषा, मानक भाषा जस्ता पक्षको अध्ययन गर्न अर्थात् भाषालाई सामाजिक व्यवहारका रूपमा अध्ययन गर्ने भाषा विज्ञानलाई समाजभाषाविज्ञान भनिन्छ (न्यौपाने, २०६२: १०९) । यस शोधकार्य अगाडि न्यून मात्रामा मात्र समाज भाषिक अध्ययन विश्लेषणको आधार तयार हुने भएकाले शैक्षिक क्षेत्रमा यसको महत्त्व रहेको छ । नेपाली साहित्यमा विभिन्न किसिमका उपन्यास लेखिएका छन् । साहित्यका विभिन्न विधामध्ये उपन्यास विधा एउटा शक्तिशाली विधा हो । प्रायोगिक भाषा विज्ञानको नवीनतम् शाखाको रूपमा सामाजिक भाषाविज्ञानलाई लिन सकिन्छ । साहित्य विधामा यसले प्रयोगको स्थितिको जानकारी गराउने गर्दछ ।

यस अध्ययनबाट साहित्यकार, शिक्षाविद्, पाठ्यक्रमविद्, दार्शनिक तथा अध्ययनकर्ताहरूलाई नेपाली साहित्यिक कृतिमा आधारित रहेर समाजभाषिक अध्ययन गर्न विभिन्न दृष्टिकोणले व्याख्या विश्लेषण गर्न पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण विधि, मूल्याङ्कन प्रणाली, छनोट गर्न र शिक्षक तथा विद्यार्थीहरूलाई 'उलार' उपन्यासको अधययन गर्न थप सहयोग पुऱ्याउने हुँदा यस अध्ययनको औचित्य र महत्त्व रहेको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोध कवि जाशीका 'बाँच र बाँच्न देऊ' कविता सङ्ग्रह २०१४ मा रहेको र उनका कवि व्यक्तित्ववारे अभिव्यक्त धारणाहरू समेत समेट्दै सम्पादक सुकुम शर्माबाट २०५९ सालमा सम्पादित 'गोकुल जोशीका सङ्कलित रचनाहरूमा सङ्कलित 'बाँच र बाँच्न देऊ' कवितासङ्ग्रह र त्यसमा सन्दर्भित विभिन्न विद्वानका कवि जोशीका वारेमा अभिव्यक्त मुख्य मुख्य धारणामा मात्र यो शोध सीमित रहेको छ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित तुल्याउनका लागि शोधपत्रलाई पाँच अध्ययनमा विभाजन गरी निम्नानुसारको रूपरेखामा प्रस्तुत गरिएको छ।

अध्याय एक : शोधपरिचय

अध्याय दुई : साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक प्रारुप

अध्याय तिन : शोधविधि र अध्ययन प्रक्रिया

अध्याय चार : अध्ययनको व्याख्या र विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष, सुझाव  र उपयोगिता

सन्दर्भसामग्री

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक प्रारुप

## २.१ सम्बन्धित साहित्यको अध्ययन

अनुसन्धान एवम् शोधकार्यका रूपमा समाजशास्त्रीय विश्लेषणहरू प्रशस्तै भेटिए पनि नेपाली साहित्यिक विद्या, भाषा वा कृतिमा रहेर समाजभाषिक अध्ययन अनुसन्धानको कार्य भने कमै मात्रामा भएको पाइन्छ । सामाजिक भाषा विज्ञान भाषा विज्ञानका शाखाहरू मध्ये एउटा नवीनतम् शाखा हो । समाजको प्रकृति अनुसार भाषाको फरक फरक प्रयोग भएको पाइन्छ । समाज विज्ञान र भाषा विज्ञान दुई पक्ष हुन । सामाजिक भाषा विज्ञानको पृष्ठभूमि त्यति लामो पाइदैन तसर्थ पनि यस विषयमा व्यापक अनुसन्धान हुन सकेको छैन । तसर्थ केही मात्रामा भएका समाजभाषिक अध्ययन अनुसन्धान सम्बन्धी सैद्धान्तिक तथा प्रकाशित अप्रकाशित कृतिहरु साथै पत्रपत्रिकामा प्रकाशित लेख रचनालाई यहाँ उल्लेख गरिएको छ :

अधिकारी (२०५६) द्वारा ' सामाजिक र प्रायोगिक भाषा विज्ञान' पुस्तकमा भाषाका विभिन्न भेदका बारेमा समाजको प्रकृतिअनुसार भाषाको प्रभावका बारेमा भाषिक समुदायका बारेमा स्पष्ट पारेका छन् । यसै क्रममा दक्षिण अमेरिकाका अमेजन बँसीमा बस्ने तुकानो जाति आफ्ना उपजातिका बिच विभिन्न भाषाको प्रयोग गर्छन् । यिनको बैवाहिक सम्बन्ध बेग्लै भाषा बोल्ने उपजातिका बिच हुने प्रचलन रहेकाले बच्चाका आमा र बाबुको भाषा भिन्नाभिन्नै हुन्छ र विवाहपछि आमाले आफ्ना पतिको भाषा सिक्नुपर्ने हुँदा बच्चाहरू पहिलो भाषा मातृभाषा ( आमाको भाषा) को रूपमा सिक्दैनन् । बाबुको भाषा सिक्ने गर्छन्  (अधिकार, २०५६ : ११) । भन्दै उनले भाषाको सामाजिक भेदका बारेमा स्पष्ट पारेका छन् ।

अर्याल (२०६७), द्वारा 'अविरल बग्दछ इन्द्रवती उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा समाजभाषिक सिद्धान्तका आधारमा अविरल बग्दछ इन्द्रवती उपन्यासको समाजभाषिक अध्ययनका क्रममा वर्गीय, लिङ्गगत, जातिगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पहिल्याएको पाइन्छ । उक्त अध्ययनमा पुस्तकालयीय विधि, वर्णनात्मक विधि र विश्लेषणात्मक विधिलाई प्रमुख आधार बनाइएको छ ।

घिमिरे, भवानीप्रसाद (२०३०) द्वारा भानु पत्रिका वर्ष १०, किरणा २० मा कवि गोकुल जोशीलाई नेपालीलाई नयाँ चेतना र जीवन्त आस्था प्रस्तुत गर्ने कविका रुपमा चिनाइएको पाइन्छ ।

डाँगी (२०६९), द्वारा 'माइतघर उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा समाजभाषिक सिद्धान्तका आधारमा माइतघर उपन्यासको भाषिक अध्ययन गर्नु, उपन्यासका पात्रहरूको भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु तथा विविधता अनुरूप वर्गीकरण गर्नु जस्ता मुख्य उद्देश्य राखिएको छ । यस अध्ययनमा पुस्तकालयीय, वर्णनात्मक र व्याख्यात्मक विधि उपयोग गरेको पाइन्छ । 'माइतघर' उपन्यासमा रहेका पात्रहरूमा वर्गीय भिन्नता नरहेको, सबै पात्रहरू समान रहेका, मानक भाषाको प्रयोग गरेको, उमेरका आधारमा भाषाहरू फरक रहेको, लैङ्गिक आधारमा महिलाले प्रयोग गर्ने भाषा र पुरूषले प्रयोग गर्ने भाषामा ध्वन्यात्मक गुण शब्दभण्डारका दृष्टिकोणले स्तरीय र मानक भाषाको प्रयोग रहेको, भाषा सरल रहेको, उपन्यासमा असफल प्रेमलाई दर्साउनु र करूण पक्ष वा त्रासद् जनजीवनको चित्रण गरिएको निष्कर्ष निकालिएको छ ।

डुम्रे (२०६५), द्वारा 'बसाइँ उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य तयार पारिएको छ । उक्त शोधकार्यमा भाषाशैलीका दृष्टिले बसाइँ उपन्यासको समाजभाषिक अध्ययनका साथै पात्रहरूको वर्गीय, जातिगत, लैङ्गिक र शैक्षिक अवस्थाका आधारमा समाज भाषिक अध्ययन गरिएको छ । उक्त शोधकार्यमा समाजभाषिक सिद्धान्तका प्रयोगको स्थिति पत्ता लगाउनु तथा विविधता अनुरूप वर्गीकरण गर्नु जस्ता मुख्य उद्देश्य राखिएको छ । यस अध्ययनमा पुस्तकालयीय विधि, वर्णनात्मक विधि र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । निष्कर्षमा वर्गीय विभेद रहेको लैङ्गिक आधारमा महिलाले प्रयोग गर्ने भाषा र पुरूषले प्रयोग गर्ने भाषामा ध्वन्यात्मक गुण र रङ्गभेद रहेको जातीय आधारमा भाषिक भेद रहेको जस्ता निष्कर्ष निकालिएको पाइन्छ ।

ढकाल (२०६९), द्वारा 'नरेन्द्र दाइ उपन्यासको समाजभाषिक अध्ययन ' शीर्षकमा शोधकार्य तयार पारिएको छ । उनले भाषाशैलीका दृष्टिले 'नरेन्द्र दाइ' उपन्यासमा प्रयोग गरेको भाषाको वर्गगत, लिङ्गगत, जातिगत र शैक्षिक आधारमा भाषिक प्रयोगको स्थिति जस्ता उद्देश्यहरूमा केन्द्रित रहेर अध्ययन भएको पाइन्छ । उक्त अध्ययनमा पुस्तकालयीय विधि, विश्लेषणात्मक

विधिलाई प्रमुख आधार बनाई उक्त उपन्यासमा वर्गीय विभेद व्यापक रूपमा रहेको, शिक्षित र अशिक्षितहरूको भाषिक प्रयोगमा भाषिक उच्चारण, शब्दचयन, शैली र विषयवस्तुको प्रस्तुतीकरणमा विभेद रहेको, उमेरको आधारमा भाषाहरू फरक रहेको, लैङगिक आधारमा महिलाले प्रयोग गर्ने भाषा र पुरूषले प्रयोग गर्ने भाषामा ध्वन्यात्मक गुण रङगभेद र शब्दभण्डारका दृष्टिमा प्रयोगपरक भेदहरू देखिएको, जातीय आधारमा भाषिक भेद रहेको जस्ता निष्कर्षहरू निकालिएको पाइन्छ ।

देवी उमा (२०७०), द्वारा 'खैरिनी घाट उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य तयार पारिएको छ । उक्त अध्ययनको उद्देश्य भाषाशैलीका दृष्टिले उपन्यासको अध्ययन गर्नु, उपन्यासका पात्रलाई वर्गीय लैङ्गिक, जातीय, शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु, उक्त उपन्यासका पात्रले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, जातिगत र शैक्षिक स्तरका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु रहेको छ । उक्त शोधकार्यमा नमुना छनोट, तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण र मूल्याङ्कन पद्धति अपनाई अध्ययन सम्पन्न गरिएको छ । उक्त शोधमा आन्तरिक दृष्टिकोणलाई भन्दा बाह्य समाजका यथार्थ घटनाको सङ्गालो प्रस्तुत गरिएको छ । वर्गीय आधार उच्च र निम्न जातीय आधारमा बाह्मण र माझी, लिङ्गका आधारमा महिला र पुरूषका, भाषाको विश्लेषण गरिएको छ । निष्कर्षमा माझी जातिको समाजमा बोलिने भाषा संस्कृति, दुःख, पीडा आदिको यर्थाथ चित्रण गरिएको छ । उक्त उपन्यासमा वर्गीय रूपमा उच्च वर्ग, मध्यम वर्गका पात्र नभई सबै निम्न वर्गका पात्र रहेका भाषिक प्रयोगका पात्रहरूको भाषिक भेद रहेको, शिक्षित पात्रको भाषाशैली मानक र स्तरीय रहेको र अशिक्षित पात्रहरूको भाषा निम्नस्तरीय भाषिक भेद र अमानक रहेको निष्कर्ष निकालिएको छ । जातीय आधारमा भाषामा फरक नरहेको, लैङगिक आधारमा पुरूष र स्त्रीले प्रयोग गरेको भाषामा पूर्ण रूपमा भिन्नता रहेको र शैक्षिक आधारमा केही मात्रामा भिन्नताको साथै समानता रहेको निष्कर्ष निकालिएको छ ।

नायक (२०६६), द्वारा 'कञ्चनपुर जिल्लाका कक्षा सातका विद्यार्थीहरूको समाजभाषिक स्थिति र भाषा सिकाइमा त्यसको प्रभाव एक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरेको पाइन्छ । जसअन्तर्गत कञ्चनपुर जिल्लाका कक्षा सातका विद्यार्थीहरूको समाजभाषिक स्थिति पत्ता लगाउने समाजभाषिक स्थिति अन्तर्गत प्रभाव पार्ने तत्त्वहरू पत्ता लगाउने जस्ता उद्देश्यहरू

राखेको पाइन्छ । उक्त अध्ययनमा क्षेत्रीय अध्ययन विधि, विश्लेषणात्मक विधि प्रयोग गर्नुका साथै विभिन्न प्रश्नावली र फारम भरेको पाइन्छ ।

नेपाल (२०६७), द्वारा 'सिन्धुपाल्चोक जिल्लामा अध्ययनरत कक्षा सातका विद्यार्थीको कक्षागत सामाजिक अध्ययन' शीर्षकमा शिक्षाशास्त्र सङ्कायअन्तर्गत शोधकार्य गरेकी छिन् । जसअन्तर्गत सिन्धुपाल्चोक जिल्लामा अध्ययनरत कक्षा सातका विद्यार्थीका बहुजातीय, बहुभाषिक स्थिति पत्ता लगाउनु, शिक्षणका कार्यकलापहरूको विविधताको अध्ययन गर्नु, समाजभाषिक स्थितिअनुसार अवलम्बन हुने गरेका शिक्षण कार्यकलापको पर्याप्तता र उपयुक्तता पहिल्याउनु जस्ता उद्देश्यहरूमा केन्द्रित अध्ययन भएको पाइन्छ । उक्त अध्ययनमा क्षेत्रीय अध्ययन विधि, पुस्तकालयीय विधि, वर्णनात्मक विधि, विश्लेषणात्मक विधि उपयोग गरेको पाइन्छ । अध्ययनको निष्कर्षका रूपमा सिन्धुपाल्चोक जिल्लाका सात वटा विद्यालयका जम्मा २४५ जना विद्यार्थीहरूमध्ये सात वटा विद्यालयका नेपाली मातृभाषी विद्यार्थीको सङ्ख्या न्यून र जनजाती विद्यार्थीको सङ्ख्या उच्च रहेको, शैक्षिक पृष्ठभूमि सन्तोषजनक रहेको जस्ता निष्कर्ष निकालेको पाइन्छ ।

पौडेल (२०६०), द्वारा 'प्रतिवद्ध उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा उपन्यासको समग्र भाषिक अध्ययन पात्रहरूलाई विविधताको आधारमा वर्गीकरण तथा उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, जातिगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउने जस्ता उद्देश्य राखिएको छ । उक्त अध्ययनमा पुस्तकालयीय विधि को प्रयोग गरिएको छ ।

पौडेल (२०७०), द्वारा 'एक चिहान उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा भाषाशैलीका दृष्टिले समग्र भाषिक अध्ययन गर्न, उपन्यासका पात्रहरूलाई वर्गीय, लैङ्गिक र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु, उक्त उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत लिङ्गगत र बौद्धिक स्तरका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु रहेको छ । उक्त अध्ययनमा अध्ययन विधिका रूपमा नमुना छनोट, तथ्याङ्क विश्लेषण र मूल्याङ्कन पद्धति अपनाइएको छ । उक्त शोधपत्रको निष्कर्षका रूपमा निम्नवर्गीय किसान परिवारले जीवनमा भोगेको दुःख पीडा र अभावग्रस्त जिन्दगीको यथार्थ चित्रण प्रस्तुत गर्नु, सामाजिक प्रगतिशीलताको व्याख्या गरी समाजमा रहेको

शोषण, कुरीति, अन्धविश्वास धार्मिक तथा जातीय सङ्किणता आदिलाई निमिट्यान्न पारी सुधारिएको समाजको स्थापना गर्नु रहेको छ ।

भट्ट, गोविन्द (२०३८) द्वारा 'सीमानाको दीप' मा जोशीलाई साहित्यलाई विद्यालयको कक्षा वा विशिष्ट विद्वान् र आचार्यहरुको कविगोष्ठी वा अध्ययन कक्षामा मात्र सीमित राख्ने पुरानो परम्परालाई तोड्दै जोशीले त्यसलाई सडक, गल्ली, गाउँगाउँ, दैलो-दैलो र डाँडाकाँडा सम्म पुऱ्याई दिनमा ठूलो भूमिका खेलेको कुरा उल्लेख गरिएको छ ।

भट्टराई (२०६५), द्वारा 'रूपन्देही जिल्लामा अध्ययनरत कक्षा आठका विद्यार्थीहरूको कक्षागत समाज भाषिक अध्ययन' शीर्षकमा त्रिभुवन विश्व विद्यालयका शिक्षाशास्त्र सङ्काय अन्तर्गत शोधकार्य गरेका छन् । उनले रूपन्देही जिल्लामा अध्ययनरत कक्षा आठका विद्यार्थीहरूको बहुजातीयता, बहुभाषिकता, बहुवर्गीयताको स्थिति, कक्षाको स्थितिअनुसार अवलम्बन हुने गरेका शिक्षण कार्यकलापहरूको पर्याप्तता र उपयुक्तता पहिल्याएका छन् । समाजभाषिक अध्ययनलाई निष्कर्षमा भन्दा भाषाका सामाजिक भेदहरू, द्विभाषिकता, बहुभाषिकता, भाषा योजना पक्षलाई उभ्याएका छन् । कसैले सामाजिक भाषाविज्ञान, भाषिक भेद, क्षेत्रीय भेद, नेपालको भौगोलिक स्थिति, सामाजिक भाषाविज्ञानको उपयोगिता जस्ता पक्षलाई लिएर अगाडि बढेका छन्  त्यस्तै कोड छनोट, कोड परिवर्तन, कोड मिश्रण, वर्गगत, लिङ्गगत, उमेरगत, शैक्षिक आदि आधारलाई लिएर भाषिक प्रयोगको स्थिति पहिल्याएका छन् ।

भण्डारी र पौड्याल (२०७०) द्वारा 'सामाजिक भाषाविज्ञान तथा मनोभाषाविज्ञान' पुस्तकमा पहिलो खण्डअन्तर्गत समाज भाषाको अध्ययनका सैद्धान्तिक आधारहरूलाई प्रस्तुत गरिएको छ । समाजमा देखिने भाषिक समुदायको परिचय तथा भाषिक समुदाय निर्धारणका आधारहरू उल्लेख गरिएको छ । यसअन्तर्गत भाषाद्वैत, द्विभाषिकता, बहुभाषिकता, भाषिक निरन्तरता, कोडमिश्रण, कोड परिवर्तन आदिको चर्चा गरिएको छ । भाषा नीति र भाषा योजनाको उल्लेख गर्दै भाषा नीति र यस आवश्यकता, भाषायोजनाका प्रकार, भाषाको आधुनिकीकरण प्रक्रिया, नेपाली भाषिक स्थितिका बारेमा चर्चा गरिएको छ । सैद्धान्तिक खण्डअन्तर्गत नै सामाजिक भाषाविज्ञान र भाषाशिक्षणको परिचय उल्लेख गर्नुका साथै यी दुईका बिचको पारस्परिक सम्बन्ध तथा भाषा शिक्षणमा सामाजिक भाषाविज्ञानको उपयोगिता जस्ता कुराहरूलाई परिचित

तुल्याइएको छ । अतः यस पुस्तक प्रस्तुत शोधकार्यका निम्ति आधार स्तम्भका रूपमा रहेको छ । उक्त पुस्तकको अध्ययन पश्चात् सामग्री सङ्कलन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । रोका (२०७०), द्वारा 'मुलुक बाहिर उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोध तयार गरिएको छ । उक्त शोधकार्यमा समाजभाषिक सिद्धान्तका आधारमा 'मुलुक बाहिर' उपन्यासको भाषिक अध्ययन गर्नु, उपन्यासको पात्रहरूको भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु तथा विविधता अनुरूप वर्गीकरण गर्नु जस्ता मुख्य उद्देश्य राखिएको छ । उक्त अध्ययनमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । उक्त उपन्यासको वर्गीय विभेद व्यापक रूपमा रहेको, माझी समुदायका पात्रहरूले निम्न वर्गीय पात्रहरूको प्रतिनिधित्व गर्ने पात्रहरूका रूपमा रहेका, शिक्षित र अशिक्षितहरूको भाषिक प्रयोगमा भाषिक उच्चारण शब्द चयनशैली र विषयवस्तुको प्रस्तुतीकरणमा स्पष्ट रहेको, अशिक्षित पात्रहरूको भाषामा भाषिक उच्चारण शब्दचयन र शैलीमा मानक रूपको प्रयोग र परिष्कारमा कमजोरी रहेको जस्ता निष्कर्ष निकालिएको पाइन्छ ।

शर्मा, तारानाथ (२०२७) द्वारा सम्पादित 'नेपाली सकाहित्यको इतिहास' पुस्तकमा सातसाल पछि झ्याउरे लयमा कविता लेख्ने कविका रुपमा लिँदै उनका कवितामा उज्यालो भविष्यको सङ्केत रहेको चर्चा गरेका छन् ।

शर्मा, श्यामप्रसाद (२०१८) ले साहित्यस्रोत त्रैमासिक पत्रिका २०१८ मा गोकुल जोशीलाई नेपालका धेरै ठाउँहरुको पैदल भ्रमण गरेर लोकगीत सङ्कलन गर्दै लोक साहित्य सृजना गर्ने कविका रुपमा चिनाएका छन् ।

यसरी समाजभाषिक अध्ययनलाई निष्कर्षमा भन्दा भाषाका सामाजिक भेद, द्विभाषिक, बहुभाषिकता, भाषा योजना पक्षलाई उभ्याइएको छ । कसैले सामाजिक भाषाविज्ञान, भाषिक भेद, क्षेत्रीय भेद, नेपालको भौगोलिक स्थिति, सामाजिक भाषाविज्ञानको उपयोगिता जस्ता पक्षलाई लिएर अगाडि बढेको छ । तसर्थ प्रस्तुत शोध शीर्षकमा भएको अनुसन्धानले यस शोधलाई मार्गदर्शन गर्न सक्ने देखिन्छ । अहिलेसम्म 'उलार' उपन्यासको समाजभाषिक अध्ययन नभएकोले यस शीर्षकमा अनुसन्धान गर्न आवश्यक ठानी उपयुक्त अनुसन्धानलाई आधार मानेर 'उलार' उपन्यासको अनुसन्धान गरिएको छ ।

सांस्कृत्यान, राहुल (सन् १९५५मा) द्वारा अप्रिल १७ का दिन भारतको मसूरीमा श्री गोकुल प्रसाद जोशी एक असल कवि हुन् । उनले नेपालमा बसोबासित विभिन्न जातजातिका विभिन्न भाषाका लोकगीतहरुको सङ्कलन गरेका छन् । उनले दुरुह काम गरेका छन् । दुःखका कष्टकर पहाड नाघेर यस्ता साहसी काम गर्नेलाई पक्कै पनि पूरा सम्मान गरिने छ भन्ने विश्वास व्यक्त गरिनाले पनि कवि जोशी जनकवि र जनसाहित्यको सृजन गर्ने मूर्धन्य कवि हुन् भन्ने मूल्याङ्कन गर्न सकिन्छ ।

भाषाविज्ञानको नवीनतम् शाखा सामाजिक भाषाविज्ञान हो । समाजको प्रकृति अनुसार भाषाको प्रयोग भएको हुन्छ । यसर्थ समाजभाषिक अध्ययन अनुसन्धेय विषय हो । भाषाविज्ञान र समाजविज्ञान दुईवटा पक्ष छन् । सामाजिक भाषाविज्ञानको पृष्ठभूमि त्यति लामो पाइँदैन तसर्थ पनि यस विषयमा व्यापक अनुसन्धान हुन नसकेको हो ।

अनुसन्धानका शिलशिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न  गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधपत्र, प्रतिवेदन) आदिको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै सम्बन्धित साहित्यको अध्ययन हो, जसलाई पूर्वकार्यको समीक्षा पनि भनिन्छ (बन्धु २०६५:२८) । अर्थात् शोधार्थीले शोधकार्यको आरम्भ गर्दा वा त्यसका निम्ति शोधप्रस्ताव तयार पार्दा आफूले शोध गर्न चाहेको विषयमा त्यसपूर्व के-कति अध्ययन, खोज, अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ, जसलाई पूर्वकार्यको खाज भनिन्छ (आभ्mा र गिरी, २०५८:५३-५४) । विगतका अनुभवले नै वर्तमान कार्यलाई अगाडि बढ्न प्रेरणा दिने भएकाले जुनसुकै अध्ययनका लागि पनि पूर्वकार्यको अध्ययनको खाँचो पर्दछ ।

प्रत्येक नयाँ कार्य गर्नुभन्दा अघि त्यसपूर्व भएका कार्यहरूका बारेमा जान्नु जरुरी हुन्छ । यसरी पूर्वकार्यका बारेमा जानकारी भएपछि मात्रै आफ्नो कार्य बारे स्पष्ट हुन सजिलो हुन्छ । पूर्वकार्यले वर्तमानमा गर्न लागेको कार्यलाई दिशानिर्देश गर्नुका साथै केही मात्रामा पृष्ठपोषण पनि दिन सक्छ ।

## २.२ पूर्वकार्यको उपादेयता

भाषाविज्ञानको अत्यन्तै महत्त्वपूर्ण शाखा, प्रायोगिक भाषा विज्ञानकै अत्यन्तै नवीन शाखा सामाजिक भाषाविज्ञान हो । भाषा समाजको प्रकृति अनुरूप प्रयोग हुने पक्ष भएकोले भाषा र

समाज, वर्ग, जाति जस्ता क्षेत्रसँग भाषाको कस्तो सम्बन्ध छ भन्ने कुराको अध्ययन अनुसन्धान गर्नु महत्त्वपूर्ण विषय हो । सबैभन्दा पछि विकसित भएको कारणले समाजभाषा विज्ञानको अध्ययन अनुसन्धान ज्यादै न्यून मात्रामा भएको पाइन्छ । धेरै भाषाको प्रयोग पक्षासँग सम्बन्ध राख्ने समाजभाषा विज्ञानको अनुसन्धान कुनै एक पक्षको भएर मात्रै पूर्ण हुँदैन । त्यसैले यसको पूर्ण अनुसन्धान अपरिहार्य छ ।

पूर्व अध्ययन भन्नाले शोधार्थीले आफ्नो शोध क्षेत्र निर्धारण गर्ने क्रममा त्यसअघि भएका प्राज्ञिक कार्यहरूको गहिरो अध्ययन गर्नु भन्ने बुझिन्छ । अर्थात् अनुसन्धान कार्यसँग सम्बन्धित विषयमा त्यसअघि सम्बन्धित सम्पूर्ण कार्यहरूको अध्ययन गर्नु नै पूर्व अध्ययन हो । अनुसन्धेय विषयलाई स्पष्ट, सरल र सहज ढङ्गले अगाडि बढाउनको लागि त्यसअघि सम्पन्न गरिएका सम्बन्धित कार्यहरूको गहन अध्ययन गर्नु पर्ने हुन्छ । तसर्थ शोधार्थीले आफ्नो अध्ययनमा जे जस्ता समस्या र उद्देश्यहरू निर्धारण गरेका हुन्छन् तिनीहरूको पुस्ट्याइँ र औचित्यका लागि पनि पूर्व अध्ययन महत्त्वपूर्ण मानिन्छ । यसबाट आफूले गर्न लागेको शोध त्यसअघि भएका शोधसँग नदोहोरिने हुन्छ । त्यसैले समग्र अनुसन्धेय विषयमा स्पष्ट धारणा बनाउन पूर्व अध्ययनको महत्त्व रहेको छ । यसले आफूले गर्ने अनुसन्धानलाई कसरी अगाडि बढाउने भन्ने दिशा निर्देशन गर्छ । आफ्नो शीर्षक पुनरावृत्ति हुनुबाट जोगिनुका साथै सम्भावित त्रुटिहरूको निराकरण गर्न समेत पूर्व अध्ययन महत्त्वपूर्ण हुन्छ ।

## २.३ समाज भाषा विज्ञानको सैद्धान्तिक अवधारणा

### २.३.१ समाज भाषा विज्ञानको परिचय

भाषाको सामाजपरक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ (अधिकारी, २०५६:३) । भाषा र समाजको सम्बन्ध, भाषाका भेदहरू, भाषा नीति र योजनाहरू जस्ता समाजमा प्रत्यक्ष सरोकार राख्ने भाषाका विभिन्न पक्षहरूको अध्ययन समाज भाषाविज्ञानमा हुन्छ । यसले भाषिक अध्ययनमा प्रयोग पक्षलाई आधार बनाउँछ । भाषाविज्ञानको नयाँ शाखाको रूपमा समाज भाषाविज्ञानको उदय भएको हो ।

प्रायोगिक भाषा विज्ञानका विभिन्न शाखाहरूमध्ये समाज भाषाविज्ञान एउटा नवीन शाखा हो । समाजविना भाषाको कुनै पनि किसिमको अध्ययन पूर्ण नहुने भएकाले भाषाको महत्त्व सामाजिक धरातलसम्म रहन्छ । भाषा मानव समुदायको अत्यन्त आवश्यक वस्तु भएकाले

यसकै माध्यमबाट मानिसले आफ्ना सम्पूर्ण कार्यव्यावहार सञ्चालन गरेका हुन्छन् । त्यसैले भाषालाई सामाजिक वस्तु भनिएको हो (भण्डारी र पौड्याल, २०६८:२) । भाषा विना समाजको अस्तित्व रहदैन भने समाजको विकासँगै भाषाको पनि विकास हुँदै जान्छ । समाजअनुसार भाषाको प्रयोग फरक-फरक हुन्छ । यसरी सामाजिक दृष्टिले भाषाको अध्ययन गर्ने विद्यानै सामाजिक भाषाविज्ञान हो । भाषा सामाजिक सम्प्रेषण एवम् व्यावहारको महत्त्वपूर्ण र प्रभावकारी अध्ययन भएकाले यसले भाषाको प्रयोग पक्षलाई विशेष जोड दिन्छ (भण्डारी र पौड्याल, २०६८:२) । समाज भाषाविज्ञान समाज र भाषा दुई शब्द मिलेर बनेको शब्द हो । यसले समाज र भाषाबिचको अन्तरसम्बन्धलाई केलाउने काम गर्दछ । सामाजिक दृष्टिले भाषाको अध्ययन सामाजिक भाषाविज्ञानमा हुन्छ ।

भाषा सामाजिक सम्प्रेषण एवम् व्यावहारको महत्त्वपूर्ण र प्रभावकारी अध्ययन भएकाले पनि समाजमा यसको के-कस्तो सन्दर्भमा र कसरी प्रयोग हुन्छ भन्ने कुराको अध्ययन जरुरी हुन्छ । भाषाको अध्ययन भाषाविज्ञानमा हुन्छ तर यसको समाजसँग सम्बन्ध तथा सामाजिक कार्यको अध्ययन भने सामाजिक भाषाविज्ञानबाट मात्र सम्भव हुने भएकाले समाज भाषाविज्ञानको महत्त्व रहन गएको हो ।

सामाजिक भाषाविज्ञानले समाज र भाषाको सम्बन्ध, भाषिक समाज, भाषा नियोजन, भाषिक सर्म्पक, भाषाको मानकीकरण, आधुनिकीकरण, सामाजिक मिश्रणसँग भाषाको अध्ययन, विश्लेषण र व्याख्या गरी भाषाको मूल्याङ्कन गर्दछ । भाषाको सामाजिक सन्दर्भ, भाषामा समाजको भूमिका, व्यक्ति र भाषाको सम्बन्ध जस्ता पक्षलाई आधार बनाएर भाषाका माध्यमले समाजको अध्ययन गर्ने र समाजका आधारमा भाषाको स्वरूपलाई निर्धारण गर्ने भाषाविज्ञान नै सामाजिक भाषाविज्ञान हो (भण्डारी र पौड्याल, २०६८:३) । समाजको वर्ग, शैक्षिक स्तर, जातिय, लैङ्गिक, आदि सामाजिक तत्वहरूसँग सम्बन्धित भएकाले यसको प्रयोग समाजमा नै हुन्छ । सामाजिक समूहको भाषिक परिचय, तिनको भाषाप्रतिको अभिवृत्ति, भाषाको सामाजिक भेद, द्विभाषिकता र बहुभाषिकता जस्ता पक्षहरू भाषासँग सम्बन्धित सामाजिक पक्षहरू हुन् । यही भाषा र समाजको सम्बन्धको अध्ययन नै समाज भाषाविज्ञानमा हुने गर्दछ ।

समाज भाषाविज्ञानलाई विभिन्न विद्वानहरूले आ-आफ्नै किसिमले परिभाषा दिएको पाइन्छ । हड्सनले सामाजिक भाषाविज्ञान समाजका सापेक्षतामा गरिने भाषाको अध्ययन भनेका छन् ।

फिसम्यानले सामाजिक भाषाविज्ञानले कसले, कोसँग, कहिले र कस्तो भाषा प्रयोग गरिरहेको छ भन्ने कुरासँग सम्बन्धित भएर भाषाको अध्ययन गर्दछ भनेका छन् । त्यसैगरी सामाजिक वर्ग, शिक्षा, शिक्षाको किसिम, तह, उमेर, लिङ्ग र जात आदिसँग सम्बन्धित भएर भाषाको अध्ययन गर्दछ भनी लङ्म्यान डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्सले परिभाषित गरेको छ । फिटर ट्रोजिलले सामाजिक र साँस्कृतिक सन्दर्भहरूमा प्रयुक्तहुने भाषाको रूप हेर्न भाषाविज्ञानको एउटा शाखा सामाजिक भाषाविज्ञान हो भनेका छन् । चुडामणि बन्धुले समाजकै परिप्रदयमा भाषाको अध्ययन सामाजिक भाषाविज्ञान अन्तर्गत गरिन्छ भनी समाज भाषाविज्ञानको परिभाषा दिएका छन् । भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ भनी हेमाङ्गराज अधिकारी भन्दछन् ।

माथिका परिभाषाका आधारमा हेर्दा सामाजिक भाषाविज्ञान भनेको भाषा र समाजको अन्तर सम्बन्धको अध्ययन हो । भाषाका सामाजिक कार्य, समाजका भाषाको प्रयोगको स्थिति, भाषा र समाजको सम्बन्ध, भाषिक सम्प्रेषण, भाषिक भेद, भाषाको सामाजिक व्यावहार, समाजमा बोलिने विभिन्न भाषाका बिचको सम्बन्ध, भाषिक समुदायको पहिचान, भाषा र संस्कृतिको सम्बन्ध आदिका बारेमा अध्ययन गर्ने भाषाविज्ञानको एउटा महत्त्वपूर्ण शाखा नै सामाजिक भाषाविज्ञान हो (भण्डारी र पौड्याल, २०६८:३) । यसरी भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषाविज्ञान भन्न सकिन्छ ।

## २.३.२ समाज भाषा विज्ञानको पृष्ठभूमि

सामाजिक भाषाविज्ञान प्रायोगिक भाषाविज्ञानको एउटा शाखा हो । समाज भाषाविज्ञानको इतिहास ईसाको बीसौं शताब्दीको उत्तरार्द्धदेखि मात्रै भएको पाइन्छ ।

सन् १९३१ मा प्रकाशित एल लकहार्टको कृति 'वर्ड इकोनोमी : एन एस्से इन अप्लाइड लिङ्ग्विस्टिक्स' मा सर्वप्रथम अप्लाइड लिङ्ग्विस्टिक्स शब्दको प्रयोग भएको थियो । अप्लाइड लिङ्ग्विस्टिक्स अर्थात् 'प्रायोगिक भाषाविज्ञान' शब्दले स्वतन्त्र विषयका रूपमा सन् १९४६ मा अमेरिकाको मिसिगन विश्वविद्यालयबाट मान्यता प्राप्त गर्‍यो (भण्डारी र पौड्याल, २०६८:२) । यही प्रायोगिक भाषाविज्ञानको अध्ययन र विकासका क्रममा सामाजिक भाषाविज्ञानको विकास भएको हो । अङ्ग्रेजी शब्द सोसियोलिङ्ग्विस्टिक्स (sociolinguistics) को नेपाली रूपान्तरण नै सामाजिक भाषाविज्ञान हो । सोसियोलिङ्ग्विस्टिक्स शब्दको प्रयोग सर्वप्रथम सन् १९५२ मा

हावेर सी. क्यूरीबाट भएको हो । सन् १९६० पछि प्रायोगिक भाषाविज्ञानका अध्येताहरूले समाज भाषाविज्ञानको अध्ययन तर्फ रुचि राखे र सन् १९६०-७० को दशकमा सामाजिक भाषाविज्ञान स्वतन्त्र विषयका रूपमा विकसित हुन पुग्यो । फर्थले आफ्नो सिद्धान्त 'स्थितिको प्रसङ्ग' मा सामाजिक भाषा विज्ञानमा जस्तै मानिसको भाषिक व्यवहारका क्रियाकलापहरूलाई समाजमा आधारित भएर हेर्नुपर्छ भन्ने भाषाको सामाजिक पक्षलाई महत्त्व दिएका छन् । फर्थको भाषालाई सामाजिक सन्दर्भमा हेर्ने दृष्टिकोणसँग ह्यालिडे, मिचेलजस्ता विद्वान सहमत हुन पुगेका छन् ( भण्डारी र पौड्याल, २०६८:२) । यसरी यिनै प्रसङ्गहरूबाट सामाजिक भाषाविज्ञानको प्रारम्भ भएको हो ।

भाषा वैज्ञानिक अध्ययनको क्षेत्रमा सन् १९३० देखि सन् १९५० को दशकसम्म संरचनावादी र सन् १९६० को दशकमा रूपान्तरणवादी भाषावैज्ञानिक पद्धतिहरू प्रभावशाली रूपमा देखा परे यिनले भाषाको संरचनात्मक पक्षको विस्तृत र गहन अध्ययन त गरे तर सामाजिक पक्षलाई वेवास्ता गरेकाले समाजवैज्ञानिकहरू असन्तुष्ट हुन पुगे । फलस्वरूप १९७० को दशकतिर भाषाको समाजपरक अध्ययनले महत्त्व पाउन थाल्यो । यसै समयमा डेल हाइम्सले चम्स्कीको भाषिक सामर्थ्यको विरुद्धमा सम्प्रेषणात्मक सामर्थ्यको अध्ययनको महत्त्वलाई उजागर गर्दै समाज भाषाविज्ञानको अध्ययनको औपचारिक आरम्भ गरेको मानिन्छ । यसरी वर्तमान समयसम्म आउँदा भाषाविज्ञानले एक नवीन शाखाको रूपमा आफ्नो स्थान बनाइसकेको छ भन्न सकिन्छ ।

भाषालाई सामाजिक प्रतीकका रूपमा मान्नुका साथै सम्पर्क भाषा, मानक भाषा जस्ता पक्षको अध्ययन गर्ने अर्थात् भाषालाई सामाजिक व्यवहारका रूपमा अध्ययन गर्ने भाषाविज्ञानलाई सामाजिक भाषाविज्ञान भनिन्छ (न्यौपाने, २०६१:१०९) । त्यसैगरी भाषा र समाजको सम्बन्धबारे अध्ययन गर्ने भाषाविज्ञानको शाखालाई सामाजिक भाषाविज्ञान भनिन्छ -शर्मा र लुइटेल, २०६४:१३) । समाज भाषाविज्ञानमा भाषा र समाजको सम्बन्ध तथा समाजका विभिन्न स्तरमा प्रयुक्त भाषाको ध्वनि, रूप, वाक्य र अर्थ आदिका विशेषताहरूको अध्ययन गरिन्छ (पौड्याल, २०६१:२८) । सामाजिक सन्दर्भ र त्यसका कार्यलाई आधार बनाएर गरिने भाषा वैज्ञानिक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ (ढकाल, २०६६:२६) । भाषा र समाजको सम्बन्धको अध्ययन गर्ने भाषाविज्ञानको यो शाखा सामाजिक भाषाविज्ञान हो (यादव र रेग्मी,२०५९:३९) ।

भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ (अधिकारी, २०६२:२) । भाषा समाजसँग सम्बन्धित छ र यसको प्रयोग समाजमै हुन्छ ।

उल्लेखित परिभाषाहरूका आधारमा सामाजिक भाषाविज्ञान समाजसँग प्रत्यक्ष सम्बन्ध राख्ने भाषाविज्ञानको शाखा हो । जसले भाषा, भाषिका, भेद, उपभेद, क्षेत्रीय, जातीय, लैङ्गिकता आदिका आधारमा भाषा कस्तो हुन्छ । भन्ने बारेमा गरिने अध्ययन विश्लेषणलाई बुझाउँछ ।

## २.३.३ भाषा

भाषा एक आपसमा विचार विनियम (आदानप्रदान) गर्ने एक शक्तिशाली साधन हो । भाषाले भिन्न परिवेश र भिन्न भाषा बिच सम्बन्ध जोड्ने काम गर्छ । भाषा सामाजिक सम्पर्कको प्रमुख माध्यम हो । सामाजिक सम्पर्क बढाउन भाषा जस्तो प्रमुख माध्यम अरु हुँदैन । भाषाले विचार विनियमको काम मात्र नगरी एक-आपसमा समझदारी कायम गर्ने, कार्य सञ्चालन गर्ने, सम्बन्ध बढाउने कार्य पनि गरेको हुन्छ -भण्डारी र पौड्याल, २०६७:१३) । भाषा स्वस्फूर्त चीज नभएर परम्पराबाट प्राप्त गरिने वस्तु हो । जन्मदै कुनै पनि बालकले भाषा जानेर आएको हुँदैन,उसले जुन समाजमा जन्म लिन्छ जस्तो भाषिक वातावरण प्राप्त गर्छ, त्यही भाषा आर्जन गर्दछ । मान्छेले परम्परामा भाषा सिक्ने र परम्परामै भाषा जीवीत एवम् गतिशील हुने भएकोले यसलाई आर्जित, अनुकरणजन्य एवम् परम्परित वस्तु मान्ने गरिएको हो (न्यौपाने र अन्य, २०६६:३) ।

## २.३.४ समाज

मानिस सामाजिक प्राणी हो, मानिस समाजमा जन्मन्छ, हुर्किन्छ, नयाँ कुरा सिक्छ । मानिस समाजविना बाँच्न सक्दैन । मानिसले आफ्नो आवश्यकता अनुसार समाजमा आफ्नो सम्पर्क बढाउँदै जान्छ । मानिसले आफ्नो मनमा लागेका कुरा पनि समाजमा नै व्यक्त गर्दछ । समाजविना मानिसको कल्पना पनि गर्न सकिँदैन मानिसले समाजमा बसेर नै जीवनयापन गर्दछ । मानिसले आफूमा भएको कला पनि समाजमा नै प्रदर्शन गर्ने गर्दछ । मानिसले भाषाको प्रयोग विभिन्न तरिकाले समाजमा नै गर्दछ (न्यौपाने र अन्य, २०६७: १५) । फरक फरक मूल्य र मान्यता रहेका हुन्छन् ।

## २.३.५ भाषा र समाजको सम्बन्ध

संसारका सबै प्राणीमध्ये मानिस एक सर्वश्रेष्ठ प्राणी हो । भाषाले समाजको संरचनालाई सुसङ्गठित बनाउने भूमिका निर्वाह गरेको हुन्छ । तसर्थ भाषा समाजको सम्पर्कको प्रमुख माध्यम हो । सामाजिक सम्पर्कको लागि कुनै वक्ताले विभिन्न भाषाको प्रयोग गर्न सक्छन् । भाषा समाजको संवाहक हो भाषा समाजपिच्छे फरक हुन्छ । भाषामा समाज अनुसार विविधता पाइन्छ । भाषाको प्रयोग क्षेत्र समाज हो । समाजविना भाषाको कल्पना पनि गर्न सकिँदैन । भाषाले सामाजिक सम्बन्धहरू स्थापित गर्दछ र समाजमा सूचना प्रवाह गर्दछ । भाषा समाजकै उपज हो । भाषा र समाज एक अर्काबाट प्रभावित हुन्छन् (न्यौपाने र अन्य, २०६७:१६) । भाषाको अभावमा  सामाजिक सम्पर्क हुँदैन । सामाजिक व्यवहारका निम्ति सामाजिक सर्म्पक आवश्यक छ र सामाजिक सम्पर्कको लागि भाषा अपरिहार्य हुन्छ । तसर्थ भाषा र समाजका बिचमा घनिष्ट सम्बन्ध रहेको हुन्छ ।

## २.४ समाज भाषा विज्ञानको क्षेत्र

सामाजिक भाषाविज्ञान भाषा र समाजका बिचका विविध सम्बन्धको अध्ययन भएकाले यसको अध्ययन क्षेत्र पनि विस्तृत भएको हो । अहिले आएर समाजभाषा विज्ञानले आफ्नो क्षेत्र फराकिलो बनाइसकेको छ । यो भाषा र समाजको पारस्परिक सम्बन्धको अध्ययन गर्ने विधा भएकाले भाषाविज्ञान र समाजविज्ञान यसका अध्ययनीय विषयवस्तुका मूल स्रोत हुन् । (घिमिरे, २०६५:५) । समाज भाषाविज्ञान सम्बन्धित कुराहरूको अन्तरसम्बन्धबाट विकास भएको हुन्छ । मुख्यत सामाजिक पृष्ठभूमिमा रहेर समाजमा प्रयोग हुने भाषाको अध्ययन यसले गर्दछ ।

समाज भाषाविज्ञानलाई अन्तर वैषयिक विषयको रूपमा लिइन्छ किनभने यो विभिन्न  विषय क्षेत्रसँग सम्बन्धित कुराहरूको अन्तरसम्बन्धबाट विकास भएको हुन्छ । त्यसैले समाजभाषा विज्ञानको क्षेत्र व्यापक र विस्तृत रहेको हुन्छ । यसका क्षेत्रहरूमा भाषाका सामान्य भेदहरू जस्तै सामाजिक र क्षेत्रीय भाषिकाहरू, व्यक्ति, बोली, पिजिन, क्रिओल भाषा र भाषा योजना पर्दछ । त्यसैगरी भाषा सम्पर्क, द्विभाषिकता, बहुभाषिक, कोडान्तर र कोड मिश्रण समाजभाषा विज्ञानका अध्ययन क्षेत्र हुन (अधिकारी, २०६५:४५) । यसरी समाजभाषा विज्ञानको क्षेत्रहरू व्यापक हुने गर्दछ ।

सामाजिक भाषाविज्ञानको अध्ययन क्षेत्रका बारेमा विद्वानहरूको बिचमा मतमतान्तर पाइन्छ । सामजिक भाषाविज्ञानका क्षेत्रहरू धेरै किसिमका रहेका छन् । भाषाको सामाजिक पक्षको विश्लेषण गर्नु, भाषिक समुदायहरूको पहिचान गर्नु, भाषाको मानकीकरण, आधुनिकीकरण र स्तरीकरण गर्नु, राष्ट्रभाषा, सम्पर्कभाषा, स्थानीय भाषा र अन्तर्राष्ट्रिय भाषाको निर्धारण गर्नु, भाषिक समुदायभित्र भाषाको प्रयोग सम्बन्धी ढाँचा शैली र भाषिक परिवर्तनको कारणबारे विश्लेषण गर्नु, भाषाका सामाजिक भेद प्रयुक्तिगत भेद, भाषामा देखिने परिवर्तन, द्विभाषिकता, बहूभाषिकता, भाषाद्वैत, भाषिक अभिवृक्ति, भाषिक विकास, भाषा र भाषिका निर्धारण आदिको अध्ययन गर्नु, भाषाको विकासका निम्ति भाषानीति र भाषायोजनाको निर्माण गर्नु, समाजमा बोलिने विभिन्न भाषाहरूका बिचको सम्बन्ध केलाउनु, भाषिक भेद-उपभेदको अध्ययन गर्नु, भाषिक आगमन, लोप, स्थानान्तरणको अध्ययन गर्नु, समाज र भाषाको सम्बन्ध, भाषाको समाज, भाषिक सम्पर्क, कोड मिश्रण र कोड परिवर्तनको अध्ययन गर्नु, सामाजिक मिश्रणका आधारमा देखा पर्ने भाषिक मिश्रणको अध्ययन गर्नु आदि (भण्डारी र पौड्याल, २०६७:५-६) । माथिका कुराहरूको अध्ययन विश्लेषण गर्नु नै समाज भाषाविज्ञानको क्षेत्रहरू हुन् ।

यस प्रकार समाज भाषा विज्ञानले भाषाको सामाजिक व्यवहारको अध्ययन तथा भाषा र समाजको सम्बन्धको अध्ययन गर्ने भएकाले समाजमा प्रयोग भएका भाषासँग सम्बन्धित विविध पक्षहरूका बारेमा अध्ययन गर्ने गरेको पाइन्छ (भण्डारी र पौड्याल, २०६७:६) । यसरी समाज भाषा विज्ञानले समाजमा रहेका भाषासँग सम्बन्धित हरेक पक्षको अध्ययन गर्दछ ।

## २.५ भाषाको सामाजिक स्थिति

नेपाल एक बहुजाति र बहुभाषिक मुलुक हो । नेपालमा विभिन्न भाषाको प्रयोग गरे पनि माध्यम भाषाका रूपमा नेपाली भाषाले नै स्थान प्राप्त गरेको छ । नेपाली भाषा सबै क्षेत्रमा विस्तार भएको तथा कतिपय भाषाहरू सीमित र निश्चित क्षेत्रमा मात्र प्रयोगमा आएको परिस्थितिले पनि सामाजिक सम्पर्क कायम गर्न नेपाली भाषा अङ्गीकार गर्नु आवश्यक बनिसकेको छ । नेपाली भाषालाई पनि सामाजिक स्थितिका आधारमा निम्न चार भागमा बाँड्न सकिन्छ :

## २.६ भाषाको वर्गगत स्थिति

वर्ग भनेको कुनै वस्तु वा व्यक्तिको आकार, प्रकार, गुण, स्तर आदिको समानता र भिन्नताका आधारमा गरिने विभाजन त्यस्तो समूह, जमात हो । वर्गगत स्थिति भनेको एउटा भाषालाई वर्गको आधारमा कस्तो-कस्तो प्रकारले व्यक्त गरिन्छ भन्ने बुझिन्छ । भाषालाई ठाँउ अनुसार फरक फरक तरिकाले बोलिन्छ । समाजमा वर्ग तिन वटा हुन्छन् ति निम्नानुसार छन्ः

क) उच्च वर्ग

ख) मध्यम वर्ग

ग) निम्न वर्ग

माथिको तिनवटा वर्गलाई निम्नानुसार व्याख्या गरिएको छ :

### क) उच्च वर्ग

उच्च वर्ग भनेको आफूले काम नगर्ने र अरुलाई काम गराएर खाने वर्ग हुन् । उनीहरू अर्काको परिश्रम खाएर बाँचेको हुन्छन् । उनीहरूको हैकमवादी स्वभाव हुन्छ । उनीहरू निम्न वर्गका मानिसलाई काममा लगाएर, परिश्रमको शोषण गरेर खाएका हुन्छन् । उनीहरू हुने खाने वर्ग अन्तर्गत पर्दछन् । निम्न वर्गका मानिसले काम नगरे उच्च वर्गका मानिस भोकै मर्छन् । उच्च वर्गका मानिसले निम्न वर्गका मानिसलाई हेपेर तुच्छ शब्द प्रयोग गर्छन् । उच्च वर्गका मानिसलाई उनीहरूले आदर गरेको पाइन्छ । उच्च वर्गका व्यक्तिले प्रयोग गर्ने शब्दहरू बुबा, बुवाजी, पिताज्यू, आमा, मुमाजी, माताज्यू, खानुहोस, जानुहोस, हिडिसियो, आदि ।

### ख) मध्यम वर्ग

मध्यम वर्ग मध्यम खालका हुन्छन् । उनीहरू आफूले दुःख गर्दछन् र आफूलाई जेनतेन खान पुर्‍याउँछन् । मध्यम वर्ग उच्च र निम्न वर्गको बिचको वर्ग हो । मध्यम वर्गका मानिसको भाषामा आदरको प्रयोग पाउन सकिन्छ ।

### ग) निम्न वर्ग

निम्न वर्ग भनेको सधैं अरुको काम मात्र गर्नुपर्ने वर्ग हो । निम्न वर्ग सधैं उच्च वर्गका मानिसको हैकममा रहनुपर्ने बाध्यता हुन्छ । निम्न वर्ग हुँदा खाने वर्ग अन्तर्गत  पर्दछन् । निम्न वर्गका मानिसले सधैं आफूले दुःख गरेर परिश्रमको फल उच्च वर्गलाई दिनुपर्ने हुन्छ । निम्न वर्गका मानिसहरू उच्च वर्गका मानिससँग सधैं झुक्नुपर्ने हुन्छ । निम्न वर्गका मानिसले उच्च

वर्गका मानिसलाई सधैं ज्यू गर्नुपर्ने हुन्छ । उनीहरूले भाषामा आफूभन्दा ठूला वर्गका लागि उच्च आदर र आफुसमानका लागि निम्न आदरको प्रयोग गर्छन ।

जस्तैः तेरो कोठा त पूरा सिनेमा हलजस्तै देखियो बे र । (पृ. १४)

अर्को उदाहरण : बा, बाउ, आमा, अवई आदि ।

## २.७ भाषाको शैक्षिक स्थिति

शैक्षिक भनेको शिक्षासँग सम्बन्धित विषय हो । भाषाको शैक्षिक स्थिति भनेको एउटा भाषालाई शिक्षाको आधारमा कस्तो -कस्तो प्रकारले व्यक्त गरिन्छ भन्ने बुझिन्छ । शिक्षाका आधारमा एउटै भाषालाई पनि फरक फरक तरिकाले प्रस्तुत गरिन्छ । शिक्षाका आधारमा मानिसलाई दुई आधार (शिक्षित र अशिक्षित) मा बाड्न सकिन्छ ।

क) शिक्षित व्यक्ति

ख) अशिक्षित व्यक्ति

माथिका दुईवटा वर्गलाई निम्नानुसार व्याख्या गरिन्छ :

### क) शिक्षित व्यक्ति

शिक्षित व्यक्ति भनेको शिक्षा आर्जन गरेको व्यक्ति हो । शिक्षित व्यक्ति भनेको एस्.एल.सी पास गरेको व्यक्ति भन्ने बुझिन्छ । भाषा प्रयोगमा शिक्षित व्यक्तिले शिष्ट, नरम, साहित्यिक, मानक, परिष्कृत र शुद्ध हुन्छ । शिक्षित व्यक्तिको भाषामा आफूभन्दा ठूलालाई उच्च आदर र सानालाई सामान्य आदरको प्रयोग गरेको पाउन सकिन्छ । शिक्षित व्यक्तिले प्रयोग गरेको शब्दमा सरलता र सहजताको बढी प्रयोग पाइन्छ । कुनै पनि मानिसको बोलीबाट नै यो व्यक्ति शिक्षित रहेछ भनेर छुट्याउन सकिन्छ । शिक्षितको भाषामा भाषिकाको प्रयोग नपाइनुका साथै स्तरीय हुन्छ ।

### ख) अशिक्षित व्यक्ति

अशिक्षित व्यक्ति भनेको शिक्षा आर्जन नगरेको व्यक्ति हो । अशिक्षित व्यक्ति भनेको दश कक्षा भन्दा तल पढेको वा पढ्दै नपढेको व्यक्ति भन्ने बुझिन्छ । भाषा प्रयोगमा अशिक्षित व्यक्तिको भाषामा मानक रूपको प्रयोग र परिष्कार कमजोर रहेको पाइन्छ । अशिक्षितले प्रयोग गर्ने भाषा ग्रामीण समाजमा बोलिने भाषा र भाषिकाको प्रयोग पाइन्छ । प्रायः अशिक्षित पात्रहरूको भाषामा पुलिङ्ग, स्त्रीलिङ्ग र आदरको भेद रहँदैन । अशिक्षितको भाषा अशुद्ध खालको हुन्छ ।

जस्तै : म त भोलि घर जानी हो ।

तिम्रो घर काँ होनि ?

तँ झगडा गर्न आ'को ?

तेरो काम बन्यो बे ? आदि ।

## २.८ भाषाको लैङ्गिक स्थिति

लैङ्गिक भनेको स्त्री र पुरुषसँग सम्बन्धित विषय हो । भाषाको लैङ्गिक स्थिति भनेको एउटा भाषालाई लैङ्गिक आधारमा कस्तो-कस्तो प्रकारले व्यक्त गरिन्छ भन्ने बुझिन्छ । लैङ्गिक आधारमा भाषाको प्रयोग फरक फरक किसिमले गरिन्छ । लैङ्गिक आधारमा व्यक्तिलाई पुरुष र महिला गरी दुई भागमा बाँड्न सकिन्छ ।

क) पुरुष

ख) महिला

### क) पुरुष/पुलिङ्ग

विश्वका अधिकांश देशहरू पुरुषप्रधान भएका कारणले महिलालाई हेर्ने दृष्टिकोणमा भिन्नता पाइन्छ । संस्कृत नाटकहरूमा पुरुषले उच्च भेद संस्कृत र महिलाले निम्न भदे प्राकृत भेदको प्रयोग गरेको सन्दर्भले भाषिक विविधताको सङ्केत गर्दछ । पुरुष भनेको नर जाति हो । भाषा प्रयोगमा पुरुषको भाषा महिलाको भन्दा कठोर खालको हुन्छ । उनीहरूको भाषा टर्रो वा रुखो खालको हुन्छ । पुरुषहरूको भाषामा वीरता पूर्ण अभिव्यक्ति पाउन सकिन्छ । भाषा प्रयोगमा पुरुषको भाषामा पुलिङ्गी शब्दको प्रयोग हुन्छ । जस्तै : खाएको छु, आएको थिएँ, आदि ।

### ख) महिला/स्त्रीलिङ्गी

महिला भनेको नारी जाति हो । भाषा प्रयोगमा पुरुषको भन्दा महिलाको केही मात्रामा फरक हुन्छ । महिलाको भाषा नरम खालको हुन्छ । महिलाले भाषामा स्त्रीलिङ्गी शब्दको प्रयोग गर्दछन् । भाषा प्रयोगको हिसाबमा एउटै संवादमा पनि महिला र पुरुषबिच विविधता आउँछ । महिला र पुरुषले प्रयोग गर्ने भाषामा पुरुषको तुलनामा महिलाहरूले प्रयोग गर्ने भाषामा वा बोलीमा कोमलता, मिठासता र मधुरता पाउन सकिन्छ । त्यस कारण भाषामा पनि विविधता सिर्जना हुन्छ । जस्तै : खाएकी छु, गएकी छु, आदि ।

## २.९ भाषाको उमेरगत स्थिति

भाषिका भेद सिर्जना गर्ने एक प्रमुख कारण उमेर पनि हो । उमेर भनेको कुनै व्यक्ति वा प्राणीको जन्मदेखि हालसम्मको जम्मा समय वा व्यक्तिले बिताएको आयु वा वर्ष हो । उमेरको अन्तरसँगै व्यक्तिले प्रयोग गर्ने भाषामा भिन्नता देखिन्छ । उमेरका आधारमा मानिसहरूलाई चार उमेर समूहमा बाड्न सकिन्छ :

क) बालक

ख) युवायुवती

ग) वयस्क

घ) बृद्ध

### क) बालक

बालबालिकाको भाषामा छुट्टै शब्दभण्डार एवम् शैलीको प्रयोग भएको पाउन सकिन्छ । उनीहरूले प्रयोग गर्ने शब्दहरू सबैलाई सुनुँ-सुनुँ लाग्ने हुन्छ । उनीहरूको मानसिक धारणापूर्ण रूपले विकास भइसकेको हुँदैन । त्यसैले भाषा प्रयोगमा युवा वा प्रौढले भन्दा छुट्टै किसिमका शब्दहरूको प्रयोग गर्दछन् । जस्तै : नुनु, बुबु, माम, हाम, बाबा, मामा, पापा, चिचि, मने, आइ, आदि जस्ता अनेक किसिमका शब्दहरूको प्रयोग गर्दछन् । प्रायः बाल उमेर भनेको जन्मेदेखि १४ वर्षसम्मको अवधिलाई बुझिन्छ ।

### ख) युवायुवती

प्रायः युवा उमेर भनेको चौध वर्षदेखि चालिस वर्षसम्मको उमेर वा अवस्थालाई मानिन्छ । युवा पात्रहरूको भाषामा कोमलता नभई बढी शृङ्गारिकता पाइन्छ । युवा पात्रको शब्दचयन, उच्चारण, शैली र विषयवस्तुको प्रतिपालनमा मिठास र आकर्षण रहेको पाइन्छ ।

### ग) वयस्क/प्रौढ

वयस्क/प्रौढ उमेर समूह चालिस देखि साठी वर्षसम्मको समय अवधिलाई बुझिन्छ । प्रौढ उमेर समूहका मानिसले बोल्ने भाषामा शृङ्गारिकता पाइँदैन र भाषाशैली निरस प्रकृतिको हुन्छ । प्रौढहरूले प्रयोग गर्ने भाषा बालक र युवायुवतीको भन्दा भिन्न हुनुका साथै उनीहरूले प्रयोग गर्ने भाषामा व्यवहारिकता झल्किन्छ । उनीहरूले सामान्य चलनचल्तीको भाषाको प्रयोग गर्दछन् । जस्तै : हलो, कोदालो, जागिर, बाख्रो, पानी, चिया, दूध, आदि ।

### घ) बृद्ध

प्रायः बृद्ध उमेर भन्नाले साठी वर्षदेखि माथिको उमेर भन्ने बुझिन्छ । बृद्ध उमेर समूहका मानिसका भाषामा प्रायः उखान-टुक्का लोकोक्तिहरूको प्रयोग पाइन्छ । उनीहरूको भाषामा निरस किसिमको भाषाको प्रयोग पाइन्छ जस्तै डुब्न लागेको घाँम, म कतिदिन बाँच्छु र  आदि ।

## २.१० धर्मका आधारमा भाषा

प्रत्येक धर्मको आ-आफ्नै किसिमको परम्परा, संस्कृति र रीतिरिवाज रहेको हुन्छ । त्यसकारण धर्मका कारणले पनि भाषिक विविधता देखापर्दछ । जस्तैः हिन्दू धर्म मान्नेले मन्दिर, ईश्वर वेदको प्रयोग गर्दछन् भने मुस्लिम धर्मालम्बी मस्जिद, अल्लाह, कुरान आदिको प्रयोग गर्दछन् ।

**तालिका नं. १**

| हिन्दू | मुस्लिम | क्रिश्चियन | बौद्ध |
|---|---|---|---|
| मन्दिर | मस्जिद | चर्च | विहार |
| ईश्वर | अल्लाह | यशु | त्रिपिटक |
| वेद | कुरान | बाइबल | बुद्ध |
| | | चेला | भिक्षु |

# अध्याय तिन

# शोधविधि र अध्ययन प्रक्रिया

## ३.१ अनुसन्धानको ढाँचा

अनुसन्धान प्रक्रियालाई अनुसन्धानको लक्ष्यसम्म पुग्नका लागि बनाइएको विस्तृत योजनालाई अनुसन्धानको ढाँचा भनिन्छ । अनुसन्धानको योजनाविना अनुसन्धान पूर्ण र सफल बन्न सक्दैन । किनकी अनुसन्धान एक जटिल एवम् व्यवस्थित कार्ययोजना हो । अध्ययनको ढाँचा अनुसन्धानको पूर्वयोजना एवम् रणनीति हो । यसले अनुसन्धान कार्यलाई मार्गनिर्देश गर्छ । कुनै पनि अनुसन्धानात्मक कार्य गर्दा योजनाविना सम्भव हुँदैन । अनुसन्धान योजनामा विषयको छनोटदेखि लिएर समस्याको पहिचान, तथ्याङ्कसङ्कलन तथा विश्लेषण, निष्कर्ष, प्रतिपादन र उक्त निष्कर्षलाई वैज्ञानिक रूपमा प्रस्तुत गरिन्छ । यस किसिमको अनुसन्धान ढाँचालाई ब्लू प्रिन्टको रूपमा समेत लिन सकिन्छ (पौडेल र पण्डितः २०६८, पृ.२५) । अनुसन्धानकार्यको प्रारम्भ गर्नुभन्दा अगाडि समग्र अनुसन्धान कार्यको सम्बन्धमा अनुसन्धानकर्ताले तयार पारेको रूपरेखालाई नै अनुसन्धानको ढाँचा भनिन्छ ।

यस अनुसन्धानको उद्देश्य पुरा गर्नका लागि मूलतः पुस्तकाललीय अध्ययन विधि र आशिंक रूपमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस क्रममा उल्लिखित कवितासङ्ग्रह प्राथमिक स्रोत र यस शीर्षकसँग सम्बन्धित शोधपत्रहरू, पाठ्यसामग्रीका रूपमा लिई अध्ययन विश्लेषणको ढाँचा निर्माण गरिएको छ ।

## ३.२ अध्ययनको क्षेत्र

प्रस्तुत शोधपत्र 'बाँच र बाँच्न देऊ' कविता सङ्ग्रहमा प्रयुक्त भाषालाई अध्ययनको क्षेत्र बनाइएको छ । भाषा सामाजिक वस्तु भएकोले वक्ता र श्रोताबिचको सामाजिक स्तर र तिनीहरूको जातजाति, लिङ्ग, उमेर, शिक्षा, धर्म, पेशा, जस्ता विषयहरू पनि सँगसँगै अन्तर्क्रियाका रूपमा आइरहेका हुन्छन् ।

समाजभाषिक अध्ययनले समाज र भाषाको सम्बन्ध, भाषिक समुदायको पहिचान, भाषाको मानकीकरण,आधुनिकीकरण र स्तरीकरण, राष्ट्रभाषा, सम्पर्क भाषा, स्थानीय भाषा र अन्तराष्ट्रिय भाषाको निर्धारण गर्नु जस्ता पक्षहरूमा अध्ययन गर्दछ । यी विविध पक्षहरूको

अध्ययन गर्ने भए पनि प्रस्तुत अध्ययनमा कविले सम्बन्धित कवितासङ्ग्रहमा प्रयोग गरेको भाषालाई प्रमुख रूपमा अध्ययनको क्षेत्र बनाइएको छ ।

## ३.३ जनसङ्ख्या तथा नमुना छनोट पद्धति

अनुसन्धानात्मक विषय शीर्षकअनुरूप छनोटमा परेका सामग्रीहरूको अंश वा भागबाट लिइने आधार सामग्रीको छनोट प्रक्रियालाई नमुना छनोट पद्धति भनिन्छ । नमुना छनोट पद्धति अलग अलग हुन्छन् । तसर्थ अनुसन्धानकर्ताले अनुसन्धेय विषय शीर्षकको प्रवृत्तिको आधारमा नमुना छनोट पद्धति चयन गर्नुपर्ने हुन्छ । नमुना छनोट ठूलो जनसंख्याबाट झिकिएको एक सानो समूह हो, जसले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्दछ । सम्पूर्ण जनसंख्याकै अध्ययन अनुसन्धान गर्न अनुसन्धानकर्तालाई समय, स्रोत र साधनका कारण असम्भव हुने भएकाले आफ्नो अध्ययनलाई पुरा गर्नको लागि 'बाँच र बाँच्न देऊ' कविता सङ्ग्रहको समाजभाषिक अध्ययनलाई उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी अनुसन्धान गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन पद्धति

अनुसन्धान कार्यका निम्ति नभई नहुने महत्त्वपूर्ण कार्य तथ्याङ्क सङ्कलन हो । तथ्याङ्क सङ्कलन गर्दा व्यवस्थित र वैज्ञानिक ढङ्गले गर्नु उपयुक्त हुन्छ । प्रस्तुत शोधकार्यका क्रममा निम्नलिखित दुई किसिमका सामग्रीद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ :

### ३.४.१ प्राथमिक सामग्री

प्रस्तुत शोधकार्य कवि जोशीको बाँच र बाँच्न देऊ' कवितासङ्ग्रहको समाजभाषिक अध्ययन भएकाले उक्त कवितासङ्ग्रहलाई नै प्राथमिक सामग्री अन्तर्गत अध्ययन विश्लेषणको प्रमुख आधार बनाइएको छ ।

### ३.४.२ द्वितीय सामग्री

प्रस्तुत शोधकार्यमा द्वितीय सामग्रीका रूपमा शोध शीर्षकसँग सम्बन्धित विभिन्न शोधपत्रहरूबाट सामग्री सङ्कलन गरिएको छ । सामाजिक भाषाविज्ञान र यससँग सम्बन्धित पाठ्यपुस्तक, सामाजिक कोणबाट व्याख्या विश्लेषण गरिएको पाठ्यवस्तु, भाषिक रूपमा सङ्कलित सूचनाहरू आदि रहेका छन् । सम्बन्धित विषयका सैद्धान्तिक प्रकाशित ग्रन्थहरू, अप्रकाशित शोधपत्रहरू तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनाबाट सामग्री सङ्कलन

गरी पुस्तकालयीय अध्ययन विधि, व्याख्यात्मक विधि र वर्णनात्मक तथा विश्लेषणात्मक विधिलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ ।

## ३.५ तथ्यको व्याख्या तथा विश्लेषण

कवितामा प्रयुक्त कवि भावनामा प्रतिविम्बित भाव र सन्दर्भित हुन आएका नेपाली समाजको वर्गीय उपस्थितिलाई वर्गीकरण गर्दै यस अनुसन्धान कार्यलाई उद्देश्य प्राप्ति तथा निष्कर्षमा पुऱ्याउन मुख्यतः पुस्तकालयीय अध्ययन प्रक्रियाद्वारा वर्णनात्मक र विश्लेषणात्मक विधिलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ ।

# अध्याय चार

# व्याख्या र विश्लेषण

## ४.१ 'बाँच र बाँच्न देऊ' कविता सङ्ग्रहको विश्लेषण

समाज विभिन्न वर्गहरूको सञ्जाल हो । समय र परिवेशअनुसार मानिसहरू आ-आफ्नो अस्तित्वको खोजीमा लाग्दछन् जसले समाजमा वर्गीय विभेदीकरण हुन्छ (शर्मा, २०६७: २७५) । वर्ग भन्नाले व्यक्तिको पारिवारिक स्तर र आर्थिक स्तरका साथै व्यवसायिक पेसालाई पनि जनाउँछ । जस्तोसुकै समाजको वर्गले वर्गीय संरचनामा पूर्णता खोजिएको हुन्छ । समाजमा रहेको वर्गले समाजको सामाजिक भेदलाई देखाउँछ । कसैको आर्थिक स्थिति उच्च तहको हुन्छ त कसैको आर्थिक स्थिति निम्न वा तल्लो तहको हुन्छ । त्यसै अनुसार उसले प्रयोग गर्ने भाषामा पनि भिन्नता आउन सक्छन् ।

बाँच र बाँच्न देऊ कविता सङ्ग्रहमा जम्मा १३ ओटा कविताहरु रहेका छन् । मूलतः निम्नवर्गीय जनताको मुक्तिका लागि लेखिएका यी कवितामध्ये केही कविता नेपाल आमासँग सम्बन्धित छन् । यस अध्ययन वर्गीय प्रतिनिधित्व गर्ने मुख्य मुख्य समाजभाषिक स्वरुपलाई कविताको शिर्षक अनुसार अध्ययन गरिएको छ ।

### ४.१.१ कविताहरुको समाजभाषिक अध्ययन

#### ४.१.१.१ 'शहिदलाई श्रद्धाञ्जलि' कविताको समाजभाषिक अध्ययन

'बाँच र बाँच्न देऊ' कवितासङ्ग्रहका प्रत्येक कविता जन जागरण र जनताका मुक्तिसँग सम्बन्धित छन् । यसैगरी प्रकृतिलाई मानवीकरण गरी शक्ति सञ्चयका लागि आव्हान पनि गरिएको छ । भाषिक दृष्टिले समूहवाची सम्बोधन शैलीको प्रयोग पनि पाइन्छ भने लिङ्ग, जाति, उमेरका हिसावले प्रष्ट छुट्टिने गरी कुनै भाषिक विशेषताको प्रयोग गरिएको छैन तर वर्गीय र भाषिक दृष्टिले भने निम्नवर्गीय जनताका मुक्तिका लागि आव्हान गर्दा निम्नवर्गीय भाषाको प्रयोग नगरी शिष्ट एवम् ओजस्वी तथा मध्यमवर्गी सम्बोधनात्मक भाषाशैलीको प्रयोग बाक्लै पाइन्छ । भाषाशैलीका दृष्टिले काव्यात्मक, सरल, सहज तथा स्तरीय भाषाशैलीको प्रयोग पाइन्छ । यस कविता सङ्ग्रका प्रत्येक कवितालाई शीर्षकका आधारमा लिङ्ग, जातजाति, उमेर, शिक्षा, वर्ग र भाषाशैलीमा विभाजन गरी अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

### (क) लिङ्गका आधारमा शहिदलाई श्रद्धाञ्जलि कविताको समाजभाषिक अध्ययन

यस कवितामा शहिदहरुलाई श्रद्धाञ्जलि व्यक्त गरिएको छ । एकलापीय शैली अपनाइएको यस कवितामा कविले धर्मभक्त, शुक्राचार्य, दशरथ चन्द र गङ्गालाललाई सम्बोधन गरी उनीहरुको त्याग, बलिदानको प्रशंसा गरिएको छ । यसरी हेर्दा लिङ्गका आधारमा पुलिङ्गी भाषाको प्रयोग पाइन्छ । जस्तै :

हे धर्मभक्त ! देशका भक्त कसरी गयो ज्यान ?

हे शुक्राचार्य तपाईंको कार्य हामीलाई रह्यो ध्यान

हे दशरथ ! देशको दशा मिटाउँ भनेर

असुर झम्टी तिमीलाई मार्‍यो गोलीले हानेर ।

हे गङ्गालाल ! राणाको काल भएर जन्मियौ

नमानी धक खोजेर हक गोलीले मारियौ

### (ख) जातिय आधारमा शहिदलाई श्रद्धाञ्जलि कविताको समाजभाषिक अध्यन

जातिय आधारमा शहिदहरु हिन्दू र बौद्ध धर्मावलम्बी समुदायभित्रका देखिए पनि पात्र प्रत्यक्ष भाषाको प्रयोग नगरी कवि स्वयम्को निजात्मक भाषिक प्रयोगको अवस्था रहेकोले भाषामा जातिगत विशेषता झल्किएको पाइँदैन ।

### (ग) उमेरको आधारमा शहिदलाई श्रद्धाञ्जलि कविताको समाजभाषिक अध्ययन

कविताको रचनाकाल र सामन्तवादी संस्कार यथावत रहेको अवस्था हेर्दा अनि कवि स्वयम् युवावस्थामा रहनाले उमेरका हिसाबले युवा उमेरको भाषा प्रयोग भएको देखिन्छ । शहिदहरुको शहादत र शहिदप्रति कवि मनका अभिव्यक्ति युवा भाषामा यसरी अभिव्यक्त भएका छन् :

गएका थियौ देशको काम हामीलाई छोडेर

शोषणको जगै उखेली फ्याक्छौं बस्दैनौ सहेर ।

### (घ) शिक्षित र अशिक्षित भाषा प्रयोगका आधारमा समाजभाषिक अध्ययन

यस कवितामा अशिक्षितको भाषा पाईदैन । शहिदप्रति सम्मान उनका बलिदान र योगदानको प्रशंसा गर्दे लेखिएको कविताका निम्न पङ्क्तिले शिक्षित भाषा प्रयोगको परिचय दिएको देखिन्छ ।

देशका नेता शहिद तिमी मरेर गएका

देशको लागि जीवन त्यागी अमर भएका

### (ङ) वर्गीय आधारमा शहिदलाई श्रद्धाञ्जलि कविताको समाजभाषिक अध्ययन

वर्गीय हिसाबले निम्न वर्ग र उच्च वर्गबिच प्रत्युत्तरका रुपमा वर्गीय भाषाको प्रयोग त देखिँदैन । यद्द्पि राणाशासनका विरुद्ध आवाज उठाउँदा शहादत प्राप्त गरेका शहिदलाई निम्नमध्यम वर्गमा राखेर हेर्दा आवाज निम्न वर्गको भएपनि संयमित र शिष्ट मध्यमवर्गीय भाषा प्रयोगको अवस्था देखिन्छ ।

तिमिले भिरेउ फलामको माला अपराधी भएर

राष्ट्रको तातो भएर मुटु कइद सहेर ।

### (च) भाषाशैलीका आधारमा शहिदलाई श्रद्धाञ्जलि कविताको समाजभाषिक अध्ययन

कविता स्वयम्मा काव्यात्मक शैलीमा लेखिएको हुन्छ । तर यी कविताहरु गद्यमा लेखिएका छन् । जनताका हक र अधिकार तथा मातृभूमिप्रति समर्पित भएर लेखिएका कविताहरु यथार्थिक भाषा शैलीमा लेखिएका हुनाले यसको भाषाशैली समाजपरक सरल र सहज नै देखिन्छ ।
जस्तै ::

थिएनन् तिम्रो सहारा केही जीवन पथमा

अविरल शक्ति छोडेर गयौ युगको हातमा

यस कवितामा माथिका उपशीर्षकका अतिरिक्त निम्न समाजभाषिक विशेषताजनित भाषाको प्रयोग पनि देख्न सक्छौं ।

देशका भक्त, देशको दशा, राणाको काल, खोजेर हक, गोलिले मारियौ, देशका नेता, जीवन त्यागी, अमर भएका, फलामको माला, राष्ट्रको तातो मुटु, आमाको दूध, स्वदेश हाम्रो, आजाद, युगको हात ।

## ४.१.१.२ 'आव्हान कविता'को समाजभाषिक अध्ययन

### (क) लिङ्गका आधारमा आह्वान कविताको समाजभाषिक अध्ययन

यस कवितामा वर्गीय असमानतालाई प्रश्रय दिने निरङ्कुश व्यवस्था विरुद्ध आक्रोश अभिव्यक्त गर्दा कविको एकलापीय शैलीको प्रयोग हुन पुग्दा स्त्रीलिङ्ग भाषाको प्रयोग पाइँदैन । जस्तै :

बाधाका बन्धन तोडेर विज्ञान लक्ष्यमा आउँछ

मानवता र प्रकृतिसँग मितेरी लाउँछ ।

### (ख) जातिय आधारमा आह्वान कविताको समाजभाषिक अध्यन

जातिय आधारमा कुनैपनि धर्मावलम्बी समुदायभित्रका प्रत्यक्ष भाषाको प्रयोग नगरी कवि स्वयम्को निजात्मक भाषिक प्रयोगको अवस्था रहेकोले भाषामा जातिगत विशेषता झल्किएको पाइँदैन । जस्तै :

बाझेर राष्ट्र पारेर नष्ट के हुन्छ बाँचर

देशको सेवा गरेर मरौं हृदय गाँसेर ।

### (ग) उमेरको आधारमा आह्वान कविताको समाजभाषिक अध्ययन

कविताको रचनाकाल र सामन्तवादी संस्कार यथावत रहेको अवस्था हेर्दा अनि कवि स्वयम् युवावस्थामा रहनाले उमेरका हिसाबले युवा उमेरको भाषा प्रयोग भएको देखिन्छ । कवि मनका अभिव्यक्ति युवा भाषामा यसरी अभिव्यक्त भएका छन् :

गएका थियौ देशको काम हामीलाई छोडेर

शोषणको जगै उखेली फ्याक्छौं बस्दैनौ सहेर ।

### (घ) शिक्षित र अशिक्षित भाषा प्रयोगका आधारमा आह्वान कविताको समाजभाषिक अध्ययन

यस कवितामा अशिक्षितको भाषा पाईदैन । शोषण विरुद्ध आक्रोश अभिव्यक्त भएपनि यस कवितामा शिक्षित व्यक्तिहरुले प्रयोग गर्ने भाषिक विशेषताजन्य भाषा प्रयोगको स्थिति रहेको छ । जस्तै :

तराईको छाया हिमाल माथि झल्केको झलल

मेची रकाली अँगालो हाली बगेको सलल

अभूतपूर्व उत्साह पोखी इतिहास बन्द

मानवता र प्रकृतिसँग मितेर लाउँछ ।

### (ङ) वर्गीय आधारमा आह्वान कविताको समाजभाषिक अध्ययन

वर्गीय हिसाबले निम्न वर्ग र उच्च वर्गबिच प्रत्युत्तरका रुपमा वर्गीय भाषाको प्रयोग त देखिँदैन । यद्दपि निम्नमध्यम वर्गमा राखेर हेर्दा आवाज निम्न वर्गको भएपनि संयमित र शिष्ट मध्यमवर्गीय भाषा प्रयोगको अवस्था देखिन्छ । जस्तै :

विज्ञानबाटै विश्वमा आर्कै भावना जगाउने

लक्ष्य हो हाम्रो मनुष्यलाई ईश्वर बनाउने ।

### (च) भाषाशैलीका आधारमा आह्वान कविताको समाजभाषिक अध्ययन

जनताका हक र अधिकार तथा मातृभूमिप्रति समर्पित भएर र प्रत्येक नेपालीलाई हाम्रो नेपाल भन्ने भावनामा जागृत गर्न लेखिएको यस कविताको भाषाशैली समाजपरक सरल र सहज नै देखिन्छ ।

जस्तै :

चन्द्र र मङ्गल लोकको समेत ज्ञानको गुठुरी

नेपाल हाम्रो विश्वको ठूलो धनको ढुकुटी ।

यस कवितामा माथिका उपशीर्षकका अतिरिक्त निम्न समाजभाषिक विशेषताजनित भाषाको प्रयोग पनि देख्न सक्छौं :

तराईको छाया, मेची र काली, नेपाल हाम्रो..................

### ४.१.१.३ 'पथिकको मृत्यु'कविताको समाजभाषिक अध्ययन

### (क) लिङ्गका आधारमा पथिकको मृत्यु कविताको समाजभाषिक अध्ययन

यस कवितामा वर्गीय असमानतामा परी जति परिश्रम गरेपनि मुक्ति नपाएकाहरुप्रति करुणाभाव दर्शाउँदा प्रकृति र पुरुष सम्मिलित पुलिङ्गी र स्त्रीलिङ्गी दुवै भाषाको प्रयोग पाइन्छ । जस्तै :

तानेर खुट्टा हे मेरी नानी,

मुखमा फुट्यो अन्तिम वाणी,

यही हो तिम्रो देश, यही हो जीवन ।

### (ख) जातिय आधारमा पथिकको मृत्यु कविताको समाजभाषिक अध्ययन

यस कवितामा कुनै विशेष जातिको नभएर सिङ्गो मानव जाति र धर्म सन्दर्भित समाजभाषाको प्रयोग पाइन्छ । जस्तै :

बाटामा लागि हिंडेका पथिक

बीचैमा बसे भएर थकित

अञ्जुलिभरि नालाको पानी

झिकेर दिए अमृतै ठानी,

यही हो तिम्रो देश, यही हो जीवन ।

### (ग) उमेरको आधारमा पथिकको मृत्यु कविताको समाजभाषिक अध्ययन

कविताको रचनाकाल र सामन्तवादी संस्कार यथावत रहेको अवस्था हेर्दा अनि कवि स्वयम् युवावस्थामा रहनाले उमेरका हिसाबले युवा उमेरको भाषा प्रयोग भएको देखिन्छ । काम र

मामको खोजीमा भौंतारिएकाहरुको कष्टपूर्ण जीवन र देशप्रतिको कर्तव्य तथा देशको मायामा समर्पित कवि मनका अभिव्यक्ति युवा भाषामा यसरी अभिव्यक्त भएका छन् :

क्रान्तिको राँको बालेर जाऊ

मानिसको हक खोसेर ल्याऊ

खोजी देऊ आफ्नो हक अब त ।

गएका थियौ देशको काम हामीलाई छोडेर

शोषणको जगै उखेली फ्याक्छौं बस्दैनौ सहेर ।

## (घ) शिक्षित र अशिक्षित भाषा प्रयोगका आधारमा पथिकको मृत्यु कविताको समाज भाषिक अध्ययन

यस कवितामा अशिक्षितको भाषा पाईदैन । शोषणमा परेका श्रमजीवीहरुको भावना समेट्दा अशिक्षितहरुको अवस्था दर्शिए पनि यस कवितामा शिक्षित व्यक्तिहरुले प्रयोग गर्ने भाषिक विशेषताजन्य भाषा प्रयोगको स्थिति रहेको छ । जस्तै :

कमाई गर्ने मानिस छैनन्

राजाले दुःख हेरिदिने हैनन्

मनमा गाँठो पारेर बस्छन्

गएको बाटो हेरेर रुन्छन्

खोजीदेऊ आफ्नो हक अब त ।

## (ङ) वर्गीय आधारमा पथिकको मृत्यु कविताको समाजभाषिक अध्ययन

वर्गीय हिसाबले निम्न वर्ग र उच्च वर्गबिच प्रत्युत्तरका रुपमा वर्गीय भाषाको प्रयोग त देखिँदैन । यद्दपि निम्नवर्गका दारुण र अभावपूर्ण तथा अपहेलित जीवनको यथार्थिक वर्णन गरिएकोले शिष्ट र मर्यादित मध्यमवर्गीय भाषाको प्रयोग पाइन्छ । जस्तै :

सबैले आफ्नो सोझ्याउँछन् दुनो

मनको पीर कोसँग धुनु

## (च) भाषाशैलीका आधारमा पथिकको मृत्यु कविताको समाजभाषिक अध्ययन

काम गरेर खाने स्वावलम्बी र परिश्रमी नेपालीहरुप्रति समभाव तथा उनीहरुको हक अधिकारप्रति समर्पित भएर लेखिएको यस कविताको भाषाशैली समाजपरक, सरल र सहज नै देखिन्छ ।

जस्तै :

बाटैमा रह्यो आमाको नासो

बाटैमा गयो आशा र हाँसो

खोलाको छेऊ बनको बीच

मृतुले आफ्नो देखायो रिस

यही हो तिम्रो देश, यही हो जीवन ।

यस कवितामा माथिका उपशीर्षकका अतिरिक्त निम्न समाजभाषिक विशेषताजनित भाषाको प्रयोग पनि देख्न सक्छौं :

हिंडेका पथिक, क्रान्तिको राँको बालेर जाऊ........

## ४.१.१.४ 'किसान' कविताको समाजभाषिक अध्ययन

## (क) लिङ्गका आधारमा किसान कविताको समाजभाषिक अध्ययन

यस कवितामा किसानका परिश्रम र अभावपूर्ण अनि कठिन जीवन यापनसँग सन्दर्भित भई कवि भावनाहरु अभिव्यक्त हुन पुगेकाले तथा किसानलाई तिमी भनि सम्बोधन गरिएकाले एकातिर पुलिङ्गी भाषाको प्रयोग बुझिन आउँछ भने किसानभित्र पुरुष तथा महिला सबै समेटिने हुनाले प्रत्यक्षत : लैङ्गिक विभेद नजनिने भाषाको प्रयोग पाइन्छ । जस्तै :

फलाउँमछै तिमी पोसिला फल मसिना चामल

आफूले उही खाँदछौ रुखो ढिडो र तिहुन

सँगालि ल्याउँछौ विशद्ध घिउ बजारमा बेच्दछौ

आफूले उही अमिलो मोहीमा तिर्सना मेट्दछौ ।

तानेर खुट्टा हे मेरी नानी,

मुखमा फुट्यो अन्तिम वाणी,

यही हो तिम्रो देश, यही हो जीवन ।

## (ख) जातिय आधारमा किसान कविताको समाजभाषिक अध्ययन

यस कवितामा कुनै विशेष जातिको नभएर सिङ्गो किसान जातिको परिश्रम र पसिना सन्दर्भित कठोर जीवनको यथार्थ चित्रण गरिएको हुनाले अन्य सामाजिक संरचनामा आउने हिन्दू, बौद्ध आदि जातिको भाषा नभएर सिङ्गो किसान जातिको समाजभाषाको प्रयोग पाइन्छ । जस्तै :

तिमीले काम गर्दछौ कति थकाई नमेटी

अर्कैको लागि पाकेको बाली लैजान्छ समेटी

दरिद्रताको राखेका सारा कङ्काल कायामा

व्यङ्गयका तिमी साकार मूर्ति धनका दयामा ।

## (ग) उमेरको आधारमा किसान कविताको समाजभाषिक अध्ययन

कविताको रचनाकाल र सामन्तवादी संस्कार यथावत रहेको अवस्था हेर्दा अनि कवि स्वयम् युवावस्थामा रहनाले उमेरका हिसाबले युवा उमेरको भाषा प्रयोग भएको देखिन्छ । घाम, पानी, जाडो आदि केही नभनी अनेकौ कष्ट सहेर अन्न फलाउने किसानहरुप्रति समर्पित कवि मनका अभिव्यक्ति युवा भाषामा यसरी अभिव्यक्त भएका छन् :

क्रान्तिले तिम्रा बालखलाई काखमा लिनेछ ।

रक्तका तिम्रा बिन्दुमा नयाँ समाज फुल्नेछ

माटोमा जस्तो जिन्दगीलाई हातमा लिएर

शोषणको जगै भत्काई देऊ शहिद भएर ।

### (घ) शिक्षित र अशिक्षित भाषा प्रयोगका आधारमा किसान कविताको समाजभाषिक अध्ययन

यस कवितामा अशिक्षितको भाषा पाईदैन । शोषणमा परेका किसानहरुको भावना समेट्दा अशिक्षितहरुको अवस्था दर्शिए पनि यस कवितामा शिक्षित व्यक्तिहरुले प्रयोग गर्ने भाषिक विशेषताजन्य भाषा प्रयोगको स्थिति रहेको छ । जस्तै :

न तिमी आफै विचार गर्न सक्दछौ निश्चय

न जान्न सक्छौ कुरीतिसँग भएर विषक्ष

ज्योतिषी बाजे फक्कड बाबा धर्मका ठेकदार

कतिले ठग्छन् कारण सबै शिक्षाको अन्धकार ।

### (ङ) वर्गीय आधारमा किसान कविताको समाजभाषिक अध्ययन

वर्गीय हिसाबले निम्न वर्ग र उच्च वर्गबिच प्रत्युत्तरका रुपमा वर्गीय भाषाको प्रयोग त देखिँदैन । यद्दपि किसान वर्गका दारुण र अभावपूर्ण तथा अपहेलित जीवनको यथार्थिक वर्णन गरिएकोले शिष्ट र मर्यादित मध्यमवर्गीय भाषाको प्रयोग पाइन्छ । जस्तै :

रक्तले सबै ढाकेर पाखा पार्दछौ रक्ताम्य

रोकिन्न तिम्रो जीवन मेला तिमी छौ अक्षम्य

पसिना पोखी धर्तीका सारा ढुङ्गालाई गाल्दछौ

जीवनभरि तपस्या गरी विश्वलाई पाल्दछौ ।

### (च) भाषाशैलीका आधारमा किसान कविताको समाजभाषिक अध्ययन

काम गरेर खाने स्वावलम्बी र परिश्रमी किसानहरुप्रति समभाव तथा उनीहरुको हक अधिकारप्रति समर्पित भएर  लेखिएको यस कविताको भाषाशैली समाजपरक, सरल र सहज नै देखिन्छ । आंशिक रुपमा साहित्यिक अर्थात् काव्यात्मक भाषाशैलीको पनि प्रयोग पाइन्छ ।
जस्तै :

विज्ञानले कति आनन्द दियो विश्वालाई सजायो

साहित्य कला रसले भऱ्या इतिहास रङ्गायो

मानवताको आनन्द के हो नजानी मर्दछौ

जीवन यो हैन जीउँदै छु भन्ने बहाना गर्दछौ ।

यस कवितामा माथिका उपशीर्षकका अतिरिक्त निम्न समाजभाषिक विशेषताजनित भाषाको प्रयोग पनि देख्न सक्छौं :

अस्फुट तिम्रो वाणीमा बोल्ने चित्कार सुनेर

साहु र सेठ हाकिम हाँस्छन् अबुझ बनेर ।

क्रान्तिको बलिदान

## ४.१.१.५ 'मालिक र मजदुर' कविताको समाजभाषिक अध्ययन

### (क) लिङ्गका आधारमा मालिक र मजदुर कविताको समाजभाषिक अध्ययन

यस कवितामा मालिक र मजदुरलाई एकआपसमा उभ्याउँदै संवादात्मक शैलीमा सन्दर्भित भई कवि भावनाहरु अभिव्यक्त हुन पुगेकाले तथा मालिक र मजदुरले एकअर्कालाइए तिमी भनि सम्बोधन गरेकाले एकातिर पुलिङ्गी भाषाको प्रयोग बुझिन आउँछ भने मालिक र मजदुरभित्र पुरुष तथा महिला सबै समेटिने हुनाले प्रत्यक्षत : लैङ्गिक विभेद नजनिने भाषाको प्रयोग पाइन्छ । जस्तै :

**मजदुर-** खाना छैन हामीलाई काम गरेर

तिमी आफैं धनको खोज्छौ व्याङ्क भरेर

तिम्रो पेट मोटो भयो हाम्रो रगतले

अब नछक्काऊ देख्यो सारा जगले ।

**मालिक-** धर्म गर, कर्म गर फल मिल्नेछ

पाप गर्दा यमराजले घाँटी जेल्नेछ

पाप लाग्छ तिमी रिस किन गर्दछौ

हाम्रो रिस गऱ्यौ भने भोकै मर्दछौ ।

## (ख) जातिय आधारमा मालिक र मजदूर कविताको समाजभाषिक अध्यन

यस कवितामा कुनै विशेष जातिको नभएर सिङ्गो उच्च वर्ग मानिने मालिक र निम्न जाति मानिने मजदूर वर्गबिच वैचारिक सङ्घर्षको संवाद पाइन्छ । कविले यी दुईबिच संवाद चलाएर विशेषीकृत जातिगत परिचय गराएका छन् । मजदूर वर्गले परिश्रम गरेर जति पसिना बगाए पनि मालिक भनाउँदा हरुको कठोर र निर्दयी व्यवहारले सबै जाति पर्न सक्ने मालिक र मजदूर जातिको जीवनको यथार्थ चित्रण गरिएको हुनाले अन्य सामाजिक संरचनामा आउने हिन्दू, बौद्ध आदि जातिको भाषा नभएर सिङ्गो मालिक र मजदूर जातिले बोल्ने भाषा भिन्न भएपनि सम समाजभाषाको प्रयोग पाइन्छ । जस्तै :

**मालिक-** कमाएर खानु पर्छ हामी दिन्नौ है
किस्मतले पाएकमो हो तिम्रो हैन क्यै
कमाएको देलान भनी अधि सर्दछौ
लुटपाट गर्ने कुरा किन गर्दछौ ?

**मजदुर-** काम गर्छौ रात दिन सास नफेरी
लुटपाट तिमी गर्छौ काम नगरी
बन्दुकको बलमा तिमी दमन गर्छौ
अझ आफै हामीलाई डाँकु भन्दछौ ?

## (ग) उमेरको आधारमा मालिक र मजदूर कविताको समाजभाषिक अध्ययन

कविताको रचनाकाल र सामन्तवादी संस्कार यथावत रहेको अवस्था हेर्दा अनि कवि स्वयम् युवावस्थामा रहनाले उमेरका हिसाबले युवा उमेरका कविको युवा मनबाट अभिव्यक्त कवि भावना भए पनि मालिक वर्ग प्रौढ र मजदूर वर्ग युवा उमेरका देखिन्छन् । मालिक वर्ग सैन्य बलमा निर्भर देखिनु र मजदूर वर्ग युवा जोश र जाँगरमा आफ्नै बलमा क्रान्तिका लागि तत्पर हुनुले उमेरका आधारमा प्रौढ र युवा दुवै उमेरको भाषा प्रयोगको स्थिति देखिन्छ । जस्तै :

**मालिक-** संसारको नियम हो सानो ठूलो त

बग्नै पर्छ तिम्रो  पसिनाको कुलो त

आसन छ शासन छ हाम्रो पासमा

गर्छौ तिमी खामुखा तो रित्तो भाषण

**मजदूर-** लोतेपोते कुरा छोड थरीथरीका

श्रमिक सब एक भए विश्वभरिका

तिम्रो लागि हाम्रो हाड घोट्ने छैनौ

हक आफ्नो खोजी लिन्छौ डर्ने छैनौ ।

## (घ) शिक्षित र अशिक्षित भाषा प्रयोगका आधारमा मालिक र मजदूर कविताको समाजभाषिक अध्ययन

यस कवितामा अशिक्षितको भाषा पाईदैन । शोषणमा परेका मजदूर र शोषण गर्ने मालिकबिच चलेका संवादमा त्यस्तो विशेष भाषिक भेद पाइँदैन । यसर्थ यस कवितामा शिक्षित व्यक्तिहरुले प्रयोग गर्ने भाषिक विशेषताजन्य भाषा प्रयोगको स्थिति रहेको छ । जस्तै :

**मालिक-** तिम्रै आफ्नै मूर्खताले ज्यान जाने हो

कस्ले दिन्छ जानाजानी आम्दानी जो ?

चुप लागी बसी बरु आशा गरन

दिए खाउँला भनी हाम्रै पाउ परन

मजदूर- मानवको कलेजो र मुटु चपायौ

मजदूरको पसिनाले महल बनायौ

एक मुठी शोषकले विश्व दवायौ

मजदूरको रगतले देश रङ्गायौ ।

## (ङ) वर्गीय आधारमा मालिक र मजदूर कविताको समाजभाषिक अध्ययन

वर्गीय हिसाबले निम्न वर्ग र उच्च वर्गका रुपमा देखिएका मालिक र मजदूरबिच प्रत्युत्तरका रुपमा वर्गीय भाषाको प्रयोग पाइए पनि सामन्तीवादी चरित्रले निम्न वर्गलाई गर्ने तुच्छ शब्दहरुको प्रयोगबाट भएको त छैन तर मालिक वर्गले मजदूर वर्गलाई आफ्नो पाउ पर्न प्रयोग गरेको भाषाले आंशिक रुपमै भए पनि वर्गीय विषमता झल्किने भाषाको प्रयोग अवश्यनै भएको मान्न सकिन्छ ।

## (च) भाषाशैलीका आधारमा मालिक र मजदूर कविताको समाजभाषिक अध्ययन

काम गरेर खाने स्वावलम्बी र परिश्रमी मजदूरहरुप्रति समभाव तथा उनीहरुको हक अधिकारप्रति समर्पित भएर लेखिएको यस कविताको भाषाशैली समाजपरक, सरल र सहज नै देखिन्छ । आंशिक रुपमा साहित्यिक अर्थात् काव्यात्मक भाषाशैलीको पनि प्रयोग पाइन्छ । जस्तै :

**मालिक-** संसारको नियम हो सानो ठूलो त

बग्नै पर्छ तिम्रो पसिनाको कुलो त

आसन छ शासन छ हाम्रो पासमा

गर्छौ तिमी खामुखा तो रित्तो भाषण

**मजदूर-** मानवको कलेजो र मुटु चपायौ

मजदूरको पसिनाले महल बनायौ

एक मुठी शोषकले विश्व दवायौ

मजदूरको रगतले देश रङ्गायौ ।

यस कवितामा माथिका उपशीर्षकका अतिरिक्त निम्न समाजभाषिक विशेषताजनित भाषाको प्रयोग पनि देख्न सक्छौं :

शोषक , विश्व, रगत, सानो ठूलो शासन, आसन, भाषण, विश्वका मजदुर...

### ४.१.१.६ 'होस गरौँ हिम्मत नहारौं कविताको समाजभाषिक अध्ययन'

**(क) लिङ्गका आधारमा होस गरौँ हिम्मत नहारौं कविताको समाजभाषिक अध्ययन**

यस कवितामा विश्वकै मानव जातिलाई जागृत गर्ने उद्देश्य राखिएको हुनाले यसमा स्त्रीलिङ्गी र पुलिङ्गी भाषाको प्रयोग देखिन्न । समष्टिमा पुलिङ्गी भाषाकै प्रयोग पाइन्छ । जस्तै :

उठ न जाग मानव हो, मुखको विष ओकल

छैन गम्ने समय साँपको दाँत उखेल

.............................................

विश्वको कुना कुनामा मानवको विजय,

नभैकन छोड्दैन हिम्मत कस निश्चय

**(ख) जातिय आधारमा होस गरौँ हिम्मत नहारौं कविताको समाजभाषिक अध्ययन**

यस कवितामा कुनै विशेष जातिको नभएर सिङ्गो मानव जातिका पक्षमा जागृतिको स्वर फैलाउने काम गरिएको पाइन्छ । अन्याय सहेर बस्ने होइन शोषण जालो च्यात्न आग्रह गरिएको छ । जस्तै :

उठ मुठी कसेर युद्धको आगो निभाउन

भोकको भ्फोक निकाल कहाँ पाउला डढाउन ।

**(ग) उमेरको आधारमा होस गरौँ हिम्मत नहारौं कविताको समाजभाषिक अध्ययन**

कविताको रचनाकाल र सामन्तवादी संस्कार यथावत रहेको अवस्था हेर्दा अनि कवि स्वयम् युवावस्थामा रहनाले उमेरका हिसाबले युवा उमेरका कविको युवा मनबाट अभिव्यक्त कवि भावना भए पनि प्रौढ तर जोशिलो भाषा प्रयोग पाउँछौ ।  जस्तै :

उठ मुठी कसेर युद्धको आगो निभाउन

भोकको भ्फोक निकाल कहाँ पाउला डढाउन ।

### (घ) शिक्षित र अशिक्षित भाषा प्रयोगका आधारमा होस गरौँ हिम्मत नहारौं कविताको समाजभाषिक अध्ययन

यस कवितामा अशिक्षितको भाषा पाईदैन । शोषणमा परेका सिङ्गो मानव जातिलाई सम्बोधन गरिएको र भाषामा एकातिर शोषणको यथार्थ चित्रण र अर्कातिर प्रतिकारमा उत्रन आग्रह गरिएको छ । जागरणका स्वरहरु मुखरित गरिएकाले शिक्षितहरुकै लहरमा मिल्ने भाषाको प्रयोग पाइन्छ । जस्तै :

उठ मुठी कसेर युद्धको आगो निभाउन

भोकको झोक निकाल कहाँ पाउला डढाउन ।

### (ङ) वर्गीय आधारमा होस गरौँ हिम्मत नहारौंकविताको समाजभाषिक अध्ययन

वर्गीय हिसाबले सामन्तीवादी चरित्रले निम्न वर्गलाई गर्ने तुच्छ शब्दहरुको प्रयोग पाइँदैन । शोषितहरुकै आवाजलाई बल पुग्ने वर्गीय भाषाको प्रयोग पाइन्छ । जस्तै :

उठ मुठी कसेर युद्धको आगो निभाउन

भोकको झोक निकाल कहाँ पाउला डढाउन ।

### (च) भाषाशैलीका आधारमा होस गरौँ हिम्मत नहारौं कविताको समाजभाषिक अध्ययन

काम गरेर खाने स्वावलम्बी र परिश्रमी मानवजातिप्रति समभाव तथा उनीहरुको हक अधिकारप्रति समर्पित भएर लेखिएको यस कविताको भाषाशैली समाजपरक, तामाङ सेलो शैलीको तथा सरल र सहज नै देखिन्छ । आंशिक रुपमा साहित्यिक अर्थात् काव्यात्मक भाषाशैलीको पनि प्रयोग पाइन्छ ।

जस्तै :

उठ न जाग मानव हो, मुखको विष ओकल

छैन गम्ने समय साँपको दाँत उखेल

हाम्रो उज्ज्वल भविष्य बादलको भित्रै छ

चोक्टा लुछ्ने तरखरमा भोको गिद्ध घुम्दैछ ।

उठ न जाग मानव हो विश्व विजय मानवको हो......

### ४.१.१.७ 'जनभवन खडा गर्छौं' कविताको समाजभाषिक अध्ययन......

### (क) लिङ्गका आधारमा जनभवन खडा गर्छौं कविताको समाजभाषिक अध्ययन

यस कवितामा जनताका त्याग र बलिदानप्रति सम्मान दर्शाइएको छ एकातिर भने जनताप्रति शोषकले न्याय नगरेको कुरालाई पनि व्यक्त गरिएको हुनाले यसमा पुलिङ्ग भाषाको प्रयोग देखिन्छ । जस्तै :

किन ? अलाप्पिदै अन्धकारमा बेवारिसे भयौ

निराशामै मादकताो शरणमा गयौ

बेहोश भै दुर्गन्धको भुमरीमा पस्यौ

मुर्छा परी किटाणुको जहरमा गल्यौ,

छाछीमागि जग बस्यो तिम्रो लास माथि, जनभवन उभ्याउँछौ ।

### (ख) जातिय आधारमा जनभवन खडा गर्छौं कविताको समाजभाषिक अध्ययन

यस कवितामा कुनै विशेष जातिको नभएर सिङ्गो मानव जातिका पक्षमा जागृतिको स्वर फैलाउने काम गरिएको पाइन्छ । अन्याय सहेर बस्ने होइन शोषण जालो च्यात्न आग्रह गरिएको छ । जस्तै :

शोषितका छहरामा छाँटिएका सोला,

एकताको सुथरीले बुनिएको ध्वजा

समीरका झोक्कासँग कुस्ती खेली राख्छ

भूतलाई पन्छार भविष्यलाई डाक्छ,

छातीमाथि जग बस्यो तिम्रो लासमाथि,जनभवन उभ्याउँदछौं ।

### (ग) उमेरको आधारमा जनभवन खडा गर्छौं कविताको समाज भाषिक अध्ययन

कविताको रचनाकाल र सामन्तवादी संस्कार यथावत रहेको अवस्था हेर्दा अनि कवि स्वयम् युवावस्थामा रहनाले उमेरका हिसाबले युवा उमेरका कविको युवा मनबाट अभिव्यक्त कवि भावना भए पनि प्रौढ तर जोशिलो भाषा प्रयोग पाउँछौ । जस्तै :

शक्ति के हो ? खोजी गर्‍यौं हृदयमा छानी

निर्भिक भइ भेला भयौँ मैदानमा हामी

मिल्काउँछौं बलैसँग विषमताको खोल

छाती जोरी सुकाउँला प्रेमको यो मोल

छातीमाथि जग बस्यो तिम्रो लासमाथि जनभवन उभ्याउँदछौ ।

### (घ) शिक्षित र अशिक्षित भाषा प्रयोगका आधारमा  जनभवन खडा गर्छौं कविताको समाज भाषिक अध्ययन

यस कवितामा अशिक्षितको भाषा पाईदैन । शोषणमा परेका सिङ्गो मानव जातिलाई सम्बोधन गरिएको र भाषामा एकातिर शोषणको यथार्थ चित्रण र अर्कातिर प्रतिकारमा उत्रन आग्रह गरिएको छ । जागरणका स्वरहरु मुखरित गरिएकाले शिक्षितहरुकै लहरमा मिल्ने भाषाको प्रयोग पाइन्छ । जस्तै :

तत्व केही हुन्छ किन मानवमा भेद

तथ्य केही फेला पर्‍यो कमजोरीको फेद

### (ङ) वर्गीय आधारमा जनभवन खडा गर्छौं कविताको समाजभाषिक अध्ययन

वर्गीय हिसाबले सामन्तीवादी चरित्रले निम्न वर्गलाई गर्ने तुच्छ शब्दहरुको प्रयोग पाइँदैन । शोषितहरुकै आवाजलाई बल पुग्ने वर्गीय भाषाको प्रयोग पाइन्छ । जस्तै :

शक्ति के हो ? खोजी गर्‍यौं हृदयमा छानी

निर्भिक भइ भेला भयौँ मैदानमा हामी

### (च) भाषाशैलीका आधारमा जनभवन खडा गर्छौं कविताको समाजभाषिक अध्ययन

काम गरेर खाने स्वावलम्बी र परिश्रमी मानवजातिप्रति समभाव तथा उनीहरुको हक अधिकारप्रति समर्पित भएर लेखिएको यस कविताको भाषाशैली समाजपरक, सरल र सहज नै देखिन्छ । आंशिक रुपमा साहित्यिक अर्थात् काव्यात्मक भाषाशैलीको पनि प्रयोग पाइन्छ । जस्तै :

तत्व केही हुन्छ किन मानवमा भेद

तथ्य केही फेला पर्‍यो कमजोरीको फेद ।.

## ४.१.१.८ 'आनन्दको खोज' कविताको समाजभाषिक अध्ययन

### (क) लिङ्गका आधारमा आनन्दको खोज कविताको समाजभाषिक अध्ययन

यस कवितामा कल्पनाकी प्रेमिकालाई खडा गरी कविले कतै स्त्रीलिङ्गी र कतै पुलिङ्गी भाषाको प्रयोग देखिन्छ । जस्तै :

स्वपना देखेँ इसारा गरी रहेकी झ्यालमा

परीले कोमल हातमा सुधा लिएर प्यालामा

### (ख) जातिय आधारमा आनन्दको खोज कविताको समाजभाषिक अध्यन

यस कवितामा कुनै विशेष जातिको नभएर सिङ्गो मानव जातिका पक्षमा प्रेम र जागृतिको स्वर फैलाउने काम गरिएको पाइन्छ । अन्याय सहेर बस्ने होइन शोषण जालो च्यात्न आग्रह गरिएको छ । जस्तै :

मानव तिमी पापको पोका स्वार्थका सुरुङ

सङ्कीर्णताका ओढ्देऊ चिरा चिरेर भुरुङ

### (ग) उमेरको आधारमा आनन्दको खोज कविताको समाजभाषिक अध्ययन

कविताको रचनाकाल र सामन्तवादी संस्कार यथावत् रहेको अवस्था हेर्दा अनि कवि स्वयम् युवावस्थामा रहनाले उमेरका हिसाबले युवा उमेरका कविको युवा मनबाट अभिव्यक्त कवि भावना भए पनि प्रौढ तर जोशिलो भाषा प्रयोग पाउँछौं । जस्तै :

मोतीका दाना खसाली बसेँ नदीको छेउमा

ढुङ्गाको माथि कलेटी परी जमेको लेउमा

### (घ) शिक्षित र अशिक्षित भाषा प्रयोगका आधारमा आनन्दको खोज कविताको समाजभाषिक अध्ययन

यस कवितामा अशिक्षितको भाषा पाईदैन । शोषणमा परेका सिङ्गो मानव जातिलाई सम्बोधन गरिएको र भाषामा एकातिर मानवीय जीवनको सौन्दर्यको आनन्दमयी यथार्थ चित्रण र अर्कातिर प्रतिकारमा उत्रन आग्रह गरिएको छ । जागरणका स्वरहरु मुखरित गरिएकाले शिक्षितहरुकै लहरमा मिल्ने भाषाको प्रयोग पाइन्छ । जस्तै :

मलिनताको सङ्कोच पूर्ण: झिकेर आवाज

भन्दछु मनको आसय केही चुहाई आभास

### (ङ) वर्गीय आधारमा आनन्दको खोज कविताको समाजभाषिक अध्ययन

वर्गीय हिसाबले सामन्तीवादी चरित्रले निम्न वर्गलाई गर्ने तुच्छ शब्दहरुको प्रयोग पाइँदैन । शोषितहरुकै आवाजलाई बल पुग्ने वर्गीय भाषाको प्रयोग पाइन्छ । जस्तै :

मानव तिमी पापको पोका स्वार्थका सुरुङ

सङ्कीर्णताका ओढ्देऊ चिरा चिरेर भुरुङ

**(च) भाषाशैलीका आधारमा आनन्दको खोज कविताको समाजभाषिक अध्ययन**

काम गरेर खाने स्वावलम्बी र परिश्रमी मानवजातिप्रति समभाव तथा उनीहरुको हक अधिकारप्रति समर्पित भएर लेखिएको यस कविताको भाषाशैली समाजपरक, सरल र सहज नै देखिन्छ । आंशिक रुपमा साहित्यिक अर्थात् काव्यात्मक भाषाशैलीको पनि प्रयोग पाइन्छ । जस्तै :

मोतीका दाना खसाली बसेँ नदीको छेउमा

ढुङ्गाको माथि कलेटी परी जमेको लेउमा

## ४.१.१.९ 'प्रकृतिप्रति' कविताको समाजभाषिक अध्ययन

**(क) लिङ्गका आधारमा प्रकृतिप्रति कविताको समाजभाषिक अध्ययन**

यस कवितामा कविले प्रकृतिको मानवीकरण गरी कतै स्त्रीलिङ्गी र कतै पुलिङ्गी भाषाको प्रयोग देखिन्छ । जस्तै :

ऋतुले तिम्रो सिंगारी रुप सुन्दर बनाउँछ

कहिले गम्भीर कहिले गम्भीर कहिले चन्चल भावन जगाउँछ

कहिले हाँस्छेउ उमङ्ग भइ उडाइ तरङ्ग

कहिले रुन्छेउ उदास भई सुकेर सरङ्ग

**(ख) जातिय आधारमा प्रकृतिप्रति कविताको समाजभाषिक अध्यन**

यस कवितामा कुनै विशेष जातिको नभएर सिङ्गो प्रकृतिका पक्षमा प्रेम र जागृतिको स्वर फैलाउने काम गरिएको पाइन्छ । जस्तै :

जूनको जस्तो मधुर मुस्कान मनोहर हिमाल

चाँदीको चहक धर्मको मूर्ति हृदय विशाल

सूर्य र चन्द्र ग्रहण लाग्दा भैँचालो चल्छ कि ?

बबण्डर ज्वालामुखीमा परी पर्वत ढल्छ कि ?

### (ग) उमेरको आधारमा प्रकृतिप्रति कविताको समाज भाषिक अध्ययन

कविताको रचनाकाल हेर्दा अनि कवि स्वयम् युवावस्थामा रहनाले उमेरका हिसाबले युवा उमेरका कविको युवा मनबाट अभिव्यक्त कवि भावना भए पनि प्रौढ तर प्रकृतिपरक प्रेममयी भाषाको प्रयोग पाउँछौं । जस्तै :

जूनको जस्तो मधुर मुस्कान मनोहर हिमाल

चाँदीको चहक धर्मको मूर्ति हृदय विशाल

सूर्य र चन्द्र ग्रहण लाग्दा भैँचालो चल्छ कि ?

बबण्डर ज्वालामुखीमा परी पर्वत ढल्छ कि ?

### (घ) शिक्षित र अशिक्षित भाषा प्रयोगका आधारमा प्रकृतिप्रति कविताको समाज भाषिक अध्ययन

यस कवितामा अशिक्षितको भाषा पाईदैन । प्रकृतिको छायामा मानवीय जीवनको सौन्दर्यको आनन्दमयी यथार्थ चित्रण र अर्कातिर प्रकृतिको संरक्षणमा उत्रन आग्रह गरिएको छ । जागरणका स्वरहरु मुखरित गरिएकाले शिक्षितहरुकै लहरमा मिल्ने भाषाको प्रयोग पाइन्छ । जस्तै :

शान्तिको पोको खोलेर झार्दै सत्यका लहरा

समाती जाउँला सुचेतना र शक्तिको लहरा

पुग्दैन जहाँ अभिमान, इर्ष्या, डाहाको स्पन्दन

हुँदैन त्यहाँ नैतिक, आर्थिक, सामाजिक बन्धन

### (ङ) वर्गीय आधारमा प्रकृतिप्रति कविताको समाजभाषिक अध्ययन

वर्गीय हिसाबले सामन्तीवादी चरित्रले निम्न वर्गलाई गर्ने तुच्छ शब्दहरुको प्रयोग पाइँदैन । शोषितहरुकै आवाजलाई बल पुग्ने वर्गीय भाषाको प्रयोग पाइन्छ । जस्तै :

यही हो भने मानवताको आधारस्तम्भ

यही नै परिवर्तन होला यही नै अचम्म

### (च) भाषाशैलीका आधारमा प्रकृतिप्रति कविताको समाजभाषिक अध्ययन

काम गरेर खाने स्वावलम्बी र परिश्रमी मानव जातिप्रति समभाव तथा उनीहरुको हक अधिकारप्रति समर्पित, प्रकृतिका अगाडि कसैको केही नलाग्ने हुँदा मानव समुदायमा रहेको भेदभाव पनि मेटिई प्रकृतिपरक वा शाश्वत् प्रेमको आव्हान गरी लेखिएको  यस कविताको भाषाशैली प्रकृतिपरक, प्रेमपरक, मानवपरक, समाजपरक, सरल र सहज नै देखिन्छ । आंशिक रुपमा साहित्यिक अर्थात् काव्यात्मक भाषाशैलीको पनि प्रयोग पाइन्छ ।

जस्तै :

पुग्दैन जहाँ अभिमान, इर्ष्या, डाहाको स्पन्दन

हुँदैन त्यहाँ नैतिक, आर्थिक, सामाजिक बन्धन

## ४.१.१.१० 'बाँच र बाँच्न देऊ' कविताको समाजभाषिक अध्ययन

प्रस्तुत कविता शोधको शीर्ष सङ्ग्रह पनि हो । यस कवितामा कविको काव्य लेखन प्रयोजनका साथै काव्य कर्मको ओजिस्वता पनि पाइन्छ । संसारमा शोषक र शोषितबिचको सङ्घर्ष मानव जातिका हित विपरीत हुने हुनाले विगतका मानव संहार र विपत्तीलाई मध्यनजर गरी लेखिएको यस कवितामा सिङ्गो मानव जातिको जीवनलाई केन्द्रविन्दु बनाएर बाँच र बाँच्न देऊ भन्ने मानवतावादी भाव मुखरित भएको छ ।

### (क) लिङ्गका आधारमा बाँच र बाँच्न देऊ.कविताको समाजभाषिक अध्ययन

यस कवितामा कविले कविले गरी खाने र बसी खाने शोषक एवम् शोषित दुवैको भावनालाई कवि वर्णनका रुपमा एकमुष्ट प्रस्तुत गर्दाको भाषा समग्रमा पुलिङ्गी देखिन्छ । जस्तै :

चाहान्छौ तिमी निदमा, हामी सपना सजाउँ,

अचेतनाको भयंकर, ठोकर खाएर डराऊँ

प्रत्येक क्षण मानसिक शक्ति, भीषण अचम्म,

त्यही हो जग मनुष्यताको जीवन स्तम्भ

### (ख) जातिय आधारमा बाँच र बाँच्न देऊ. कविताको समाजभाषिक अध्यन

यस कवितामा कुनै विशेष जातिको नभएर मानवताको पक्षमा प्रेम र जागृतिको स्वर फैलाउने काम गरिएको पाइन्छ । जस्तै :

सुखको लोभ गरेर एक्लै, समाज भाँडियो

भावना प्रत्येक व्यक्तिको बेग्लै, भएर बाँडियो ।

### (ग) उमेरको आधारमा बाँच र बाँच्न देऊ. कविताको समाज भाषिक अध्ययन

कविताको रचनाकाल हेर्दा अनि कवि स्वयम् युवावस्थामा रहनाले उमेरका हिसाबले युवा उमेरका कविको युवा मनबाट अभिव्यक्त कवि भावना भए पनि प्रौढ तर प्रकृतिपरक प्रेममयी भाषाको प्रयोग पाउँछौ ।  जस्तै :

जिज्ञासाबाटै मानव जाति, जाग्योर पलायो,

अनुभवबाटै नीत र दर्शन, विज्ञान फलायो ।

### (घ) शिक्षित र अशिक्षित भाषा प्रयोगका आधारमा बाँच र बाँच्न देऊ कविताको समाजभाषिक अध्ययन

यस कवितामा अशिक्षितको भाषा पाईदैन । विज्ञानमा विश्वास गरी मानवीय जीवनको सार्थकताका लागि जागरणका स्वरहरु मुखरित गरिएकाले शिक्षितहरुकै लहरमा मिल्ने भाषाको प्रयोग पाइन्छ । जस्तै :

जिज्ञासाबाटै मानव जाति, जाग्योर पलायो,

अनुभवबाटै नीत र दर्शन, विज्ञान फलायो ।

### (ङ) वर्गीय आधारमा बाँच र बाँच्न देऊ. कविताको समाजभाषिक अध्ययन

वर्गीय हिसाबले सामन्तीवादी चरित्रले निम्न वर्गलाई गर्ने तुच्छ शब्दहरुको प्रयोग पाइँदैन । शोषितहरुकै आवाजलाई बल पुग्ने वर्गीय भाषाको प्रयोग पाइन्छ । जस्तै :

मानसिक शक्ति सामूहिक भए टक्कर खाँदैन

भावना मिले कसैमा केही, मित्रता हुँदैन

## (च) भाषाशैलीका आधारमा बाँच र बाँच्न देऊ. कविताको समाजभाषिक अध्ययन

काम गरेर खाने स्वावलम्बी र परिश्रमी मानव जातिप्रति समभाव तथा उनीहरुको हक अधिकारप्रति समर्पित तथा मानवीय एकतालाई जोड दिएर लेखिएको यस कविताको भाषाशैली प्रकृतिपरक, प्रेमपरक, मानवपरक, समाजपरक, सरल र सहज नै देखिन्छ । आंशिक रुपमा साहित्यिक अर्थात् काव्यात्मक भाषाशैलीको पनि प्रयोग पाइन्छ ।

जस्तै :

न केही शोक, न केही रोग, न केही भिन्नता

छ मानवको मानवसँग पवित्र मित्रता ।

(यस कवितामा कविले मनुष्य जातिको उन्नतिका लागि कल्पना गरी केही विचार प्रस्तुत गरेका छन् । कविकै लेखनीमा ( मनुष्यले जति कल्पना गर्दछ, त्यसलाई विज्ञानको विकास र सदुपयोगले साकार रुपमा परिणत गर्न सक्दछ । किनकि कल्पना र कार्य मनुष्यका स्वभाविक क्रिया हुन् । कल्पनाको धमिलो सङ्केतलाई कार्यले स्पष्ट गर्छ, त्यसैलाई विज्ञान भन्दछ । किन्तु त्यसका निम्ति शान्ति, प्रगति र आजादीको नितान्त आवश्यक हुन्छ, यसैलाई सम्भव गराउनको निम्ति एसियाइ देशहरुले पञ्चशीलको सिद्धान्तलाई मानेका छन् । मेरो यो कविता पनि पञ्चशीलताको सिद्धान्तको आधारमा लेखिएको हो - लेखक )

## ४.१.१.११ 'प्रेमाञ्जली' कविताको समाजभाषिक अध्ययन

## (क) लिङ्गका आधारमा प्रेमाञ्जली.कविताको समाजभाषिक अध्ययन

यस कवितामा कविले भावनालाई प्रेरक वा प्राकृतिक शक्तिका रुपमा वा देवीका रुपमा आराधना गरेका स्त्रीलिङ्गी र उनैको प्रेरणाले आफूमा शक्ति प्राप्त हुने कवि भावना प्रस्तुत गर्दा पुलिङ्ग शब्दको प्रयोग पाइन्छ ।

एकाग्रतामा विलिन भयो विछोड मिलाप

कता हो कता कल्पना गर्छे वियोग विलाप

X X X

भावना गर्छे संसारभरि घुमेर चित्कार

कल्पना छाती विदीर्ण पारी भन्दछे धिक्कार

X X X

स्वगत गर्छु शशिका शीतल ज्योत्सना झुल्काइ

मिर्मिरतामा रजनीमाथि अमृत वर्षाइ

## (ख) जातिय आधारमा प्रेमाञ्जली कविताको समाज भाषिक अध्ययन

यस कवितामा कुनै विशेष जातिको नभएर मानवताको पक्षमा भावनात्मक जागृतिको स्वर फैलाउने काम गरिएको पाइन्छ । जस्तै :

सौन्दर्यताको हृदयभित्र लेकेको वैभव

विश्वको मुटु हल्लाउने शक्तिशाली यो शैशव

## (ग) उमेरको आधारमा प्रेमाञ्जली . कविताको समाज भाषिक अध्ययन

कविताको रचनाकाल हेर्दा अनि कवि स्वयम् युवावस्थामा रहनाले उमेरका हिसाबले युवा उमेरका कविको युवा मनबाट अभिव्यक्त कवि भावना भए पनि प्रौढ तर प्रकृतिपरक प्रेममयी भाषाको प्रयोग पाउँछौ । जस्तै :

वेदनापूर्ण निस्तब्धतामा प्रतीक्षा गर्नेछु

मनको तिम्रो मन्दिरको बन्दी भएर मर्नेछु ।

## (घ) शिक्षित र अशिक्षित भाषा प्रयोगका आधारमा प्रेमाञ्जली कविताको समाज भाषिक अध्ययन

यस कवितामा अशिक्षितको भाषा पाईदैन । प्रकृतिको ममतामयी भावनामा चुलुम्म डुबेका कविबाट शिक्षितहरुकै लहरमा मिल्ने भाषाको प्रयोग गरिएको पाइन्छ । जस्तै :

पवित्र तिम्रो हृदयल लोक प्रवेश गर्नेछु

पुगेर त्यहाँ आश्चर्यचकित भएर हेर्नेछु ।

### (ङ) वर्गीय आधारमा प्रेमाञ्जली कविताको समाजभाषिक अध्ययन

वर्गीय हिसाबले अप्रत्यक्ष रुपमा गरी खाने र मानवतावादी विचार राख्ने आवाजलाई बल पुग्ने वर्गीय विचारयुक्त भावना अभिव्यक्त भएको पाउन सकिन्छ ।

सौन्दर्यताको हृदयभित्र लेकेको वैभव

विश्वको मुटु हल्लाउने शक्तिशाली यो शैशव

### (च) भाषाशैलीका आधारमा प्रेमाञ्जली. कविताको समाजभाषिक अध्ययन

काम गरेर खाने स्वावलम्बी र परिश्रमी मानव जातिप्रति भावनात्मक सम्बन्ध राख्ने यस कविताको भाषाशैली प्रकृतिपरक, प्रेमपरक, मानवपरक, समाजपरक, सरल र सहज नै देखिन्छ । आंशिक रुपमा साहित्यिक अर्थात् काव्यात्मक भाषाशैलीको पनि प्रयोग पाइन्छ ।

अखिल तारा अक्षता राखी पुष्कर थालीमा,

सुन्दर शश्यशालिनी नाच्लिन् स्वर्णको राशीमा

## ४.१.१.१२ 'भावनाको पुकार' कविताको समाजभाषिक अध्ययन

### (क) लिङ्गका आधारमा भावनाको पुकार.कविताको समाजभाषिक अध्ययन

यस कवितामा कविले कविले गरी खाने र बसी खाने शोषक एवम् शोषित दुवैको भावनालाई कवि वर्णनका रुपमा एकमुष्ट प्रस्तुत गर्दाको भाषा समग्रमा पुलिङ्गी देखिन्छ । जस्तै :

मानवताको रक्त र मासु

युग युगदेखि खायो उसले

तेरो सुन्दर दुनियाँ आज

कम्पित छ संहारको डरले ।

### (ख) जातिय आधारमा भावनाको पुकार कविताको समाजभाषिक अध्यन

यस कवितामा शोषक वर्गको ज्यादति र त्यसका विरुद्ध एक भई लाग्न जागृतिको स्वर फैलाउने काम गरिएको पाइन्छ । जस्तै :

मानवताको रक्त र मासु
युग युगदेखि खायो उसले
तेरो सुन्दर दुनियाँ आज
कम्पित छ संहारको डरले ।
आउन यही जीवनपथमा
जन्जालको यो जन्जिर तोडौँ
आउँ नयाँ संसारमा उक्त
रुढि पुरानो थलो छोडौँ

### (ग) उमेरको आधारमा भावनाको पुकार कविताको समाज भाषिक अध्ययन

कविताको रचनाकाल हेर्दा अनि कवि स्वयम् युवावस्थामा रहनाले उमेरका हिसाबले युवा उमेरका कविको युवा मनबाट अभिव्यक्त शोषण विरुद्धका जागृति र प्रतिकारको भाषाको प्रयोग पाउँछौ । जस्तै :

आउन यही जीवनपथमा
जन्जालको जन्जीर तोडौँ

### (घ) शिक्षित र अशिक्षित भाषा प्रयोगका आधारमा भावनाको पुकार कविताको समाजभाषिक अध्ययन

यस कवितामा अशिक्षितको भाषा पाईदैन । विज्ञानमा विश्वास गरी मानवीय जीवनको सार्थकताका लागि जागरणका स्वरहरु मुखरित गरिएकाले शिक्षितहरुकै लहरमा मिल्ने भाषाको प्रयोग पाइन्छ । जस्तै :

शोषणदेखि मुक्ति पाउँ

सुख र शान्तिको मार्ग समाऊँ

जहाँ अन्धकार हटाई

जगमग नयाँ ज्योति बल्ला ।

### (ङ) वर्गीय आधारमा भावनाको पुकार कविताको समाजभाषिक अध्ययन

वर्गीय हिसाबले शोषक तथा शोषित दुवैबिच पाइने तुच्छ शब्दहरुको प्रयोग पाइँदैन । शोषितहरुकै आवाजलाई बल पुग्ने वर्गीय भाषाको प्रयोग पाइन्छ । जस्तै :

शोषणदेखि मुक्ति पाउँ

सुख र शान्तिको मार्ग समाऊँ

जहाँ अन्धकार हटाई

जगमग नयाँ ज्योति बल्ला ।

### (च) भाषाशैलीका आधारमा भावनाको पुकार. कविताको समाजभाषिक अध्ययन

काम गरेर खाने स्वावलम्बी र परिश्रमी मानव जातिप्रति समभाव तथा उनीहरुको हक अधिकारप्रति समर्पित तथा मानवीय एकतालाई जोड दिएर लेखिएको यस कविताको भाषाशैली प्रकृतिपरक, प्रेमपरक, मानवपरक, समाजपरक, सरल र सहज नै देखिन्छ । आंशिक रुपमा साहित्यिक अर्थात् काव्यात्मक भाषाशैलीको पनि प्रयोग पाइन्छ ।

जस्तै :

तेरो भावको सागर माथि<br>
स्वार्थको आफ्नो नाउँ खिचाउँछ<br>
तेरो हातको क्रान्ति राँको,<br>
विषै विष पोखी निभाउँछ ।

### ४.१.१.१३ 'मेरो मुटु कलेजो'कविताको समाजभाषिक अध्ययन

### (क) लिङ्गका आधारमा. मेरो मुटु कलेजो.कविताको समाज भाषिक अध्ययन

यस कवितामा कविले कविले राष्ट्रियताको प्रवल भावनालाई एकमुष्ट प्रस्तुत गर्दाको भाषा समग्रमा पुलिङ्गी देखिन्छ । जस्तै :

हाड मासु समाजको

रगत हो मेरो मातृभूमिको

कर्तव्यमा अल्झिएको

ढुकढुकी हो तिम्रै पाउमनिको

तर्की नजाऊ फर्की आऊ

मेरो मनको व्यथा हेरिदेऊ ।

### (ख) जातिय आधारमा मेरो मुटु कलेजो. कविताको समाज भाषिक अध्ययन

यस कवितामा शोषक वर्गले गरेको ज्यादतिले शोषितले भोग्नु परेको पीडालाई कारुणिक रुपमा प्रस्तुत गरिएकोले  र समग्र शोषित वर्गको प्रतिनिधित्व गर्दै शाब्दिक रुपमा त्यसो नगर्न प्रतिनिधिमूलक मानव जातिपरक भाषाको प्रयोग गरिएको पाइन्छ । जस्तै :

उम्रिएको उत्साहको

कुहाएर टुसो मार्ने छैन

तर्की नजाऊ फर्की आऊ

मेरो मनको व्यथा हेरिदेउ, ।

मुटु मिची वेदनाको

रगत आँसु मुछी रहँदा

कस्ले सुन्छ कन्दरामा,

### (ग) उमेरको आधारमा मेरो मुटु कलेजो. कविताको समाज भाषिक अध्ययन

कविताको रचनाकाल हेर्दा अनि कवि स्वयम् युवावस्थामा रहनाले उमेरका हिसाबले युवा उमेरका कविको युवा मनबाट अभिव्यक्त शोषण विरुद्धका जागृति र प्रतिकारको भाषाको प्रयोग पाउँछौ । जस्तै :

मर्छु कतै चट्टानमा जानु पर्ने छैन मलामी

प्रकृतिमै लिन हुन्छु, शहिद भै लिने छैन सलामी

### (घ) शिक्षित र अशिक्षित भाषा प्रयोगका आधारमा मेरो मुटु कविताको समाजभाषिक अध्ययन

यस कवितामा अशिक्षितको भाषा पाईदैन । विज्ञानमा विश्वास गरी मानवीय जीवनको सार्थकताका लागि जागरणका स्वरहरु मुखरित गरिएकाले शिक्षितहरुकै लहरमा मिल्ने भाषाको प्रयोग पाइन्छ । जस्तै :

प्रतिभाको किरणमा

मजदूरीको ल्यायो विरासको दाग

अन्यायको उकालीमा

सुसेलीमा उकेली राख्छु मेरो राग

तर्की नजाऊ फर्की आऊ

मनको मेरो व्यथा हेरि देऊ ।

### (ङ) वर्गीय आधारमा मेरो मुटु कलेजो. कविताको समाजभाषिक अध्ययन

वर्गीय हिसाबले शोषक तथा शोषित दुवैबिच पाइने तुच्छ शब्दहरुको प्रयोग पाइँदैन । शोषितहरुकै आवाजलाई बल पुग्ने वर्गीय भाषाको प्रयोग पाइन्छ । जस्तै :

जीवन हो जनताको

फटाहाले खोस्ने धन सरीको

झिलमिलाउँदैं झुल्किएको

आशा हो यो दुःखी समाजको पारीको

## (च) भाषाशैलीका आधारमा मेरो मुटु कलेजो. . कविताको समाजभाषिक अध्ययन

काम गरेर खाने स्वावलम्बी र परिश्रमी मानव जातिप्रति समभाव तथा उनीहरुको हक अधिकारप्रति समर्पित तथा मानवीय एकतालाई जोड दिएर लेखिएको यस कविताको भाषाशैली प्रकृतिपरक, प्रेमपरक, मानवपरक, समाजपरक, सरल र सहज नै देखिन्छ । आंशिक रुपमा साहित्यिक अर्थात् काव्यात्मक भाषाशैलीको पनि प्रयोग पाइन्छ ।

जस्तै :

शोषकलाई आत्मा बेची,

हृदयमा कीरा पार्ने छैन

उम्रिएको उत्साहको

कुहाएर टुसो मार्ने छैन ।

## ४.१.२ सारांश

जनकवि गोकुल जोशी जनकवि मात्र नभएर उनी एक सच्चा देशभक्त र राष्ट्रवादी कवि हुन् । उनको कवित्वको वारेमा देशका मूर्धन्य कविहरुले काव्य साधनाको मात्र नभएर अतुलनीय, अनुकरणीय तथा कर्तव्यपरायणको समेत मुक्त कण्ठले प्रशंसा गरेकाले पनि कवि जोशी असाधारण र दुर्लभ प्रतिभा मानिन्छन् । यस शोधमा समाजपरक भाषिक अध्ययनमा लिइएको बाँच र बाँच्न देऊ शीर्षकको कविता सङ्ग्रहभित्रका कविताहरुले पनि उनको प्रतिभा र देश र जनताप्रतिको जिम्मेवारीपूर्ण कर्तव्यको पहिचान दिलाएका छन् । क्रान्ति, परिवर्तन, संघर्ष जस्ता अपरिहार्य पक्षलाई प्रखर रुपमा सबैमाझ राख्ने कवि जोशीका शोध अध्ययनमा आएका माथिका प्रत्येक कविताका विषयवस्तुका साथै भाषिक स्वरुपले पनि व्यक्तिगत पूर्वाग्रह नराखी शान्तिकै मार्ग अपनाउँदै समाजलाई समाजभाषिक ढङ्गले जागृत गर्ने भरमग्दुर प्रयत्न गरेको निष्कर्ष निकालिएको छ ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

अनुसन्धान कार्य उद्देश्यमूलक र व्यवस्थित हुनुपर्दछ । विना प्रमाण यो ठोस र वस्तुनिष्ठ हुँदैन । त्यसैले यसलाई निष्कर्षता प्रदान गर्न विभिन्न सन्दर्भ सामग्रीका साथै उद्देश्य तोकिएको हुन्छ । समाज र भाषाबिचको अन्तरसम्बन्धलाई केलाउने, सामाजिक सम्बन्धका आधारमा भाषाको अध्ययन गर्ने ज्ञानको नयाँ विधा सामाजिक भाषाविज्ञान भाषाविज्ञानको नवीन शाखा हो । भाषाको सैद्धान्तिक स्वरूपको अध्ययनले मात्र भाषिक प्रयोजनको वर्णन र व्याख्या पूर्ण हुन नसक्ने हुनाले भाषाको व्यवहारिक पक्ष वा प्रकार्यपरक पक्ष र संरचना वा स्वरूप पक्ष दुबैको एकै साथ अध्ययन गर्नुपर्ने आग्रहका साथ समाजभाषाविज्ञान अर्थात् सामाजिक भाषाविज्ञानको उदय भएको मानिन्छ । भाषावैज्ञानिक अध्ययनको क्षेत्रमा सन् १९३० को दशकदेखि सामाजिक भाषा विज्ञानले महत्त्व पाउन थालेको देखिन्छ ।

सामाजिक भाषाविज्ञानको अध्ययन क्षेत्र व्यापक रहेको छ । यसको मुख्य अध्ययन क्षेत्रमा भाषा, भाषिका, भाषिक समुदाय, भाषिक भेद, द्वैभाषिकता, बहुभाषिकता, भाषाद्वैत , कोड छनोट, कोड परिवर्तन, कोड मिश्रण, भाषा योजना, भाषा नीति, भाषान्तरण, भाषा लोप आदि रहेका छन् । यी सैद्धान्तिक पक्षका आधारमा नेपाली साहित्यमा स्थापित कृतिहरूको अध्ययन विश्लेषण हुने हुँदा यस अध्ययनको औचित्य रहन्छ ।

यस अध्ययनलाई पूर्णताः दिन पाँच अध्यायमा विभाजन गरी तिनीहरूलाई क्रमशः समाजभाषाविज्ञानमा सम्बन्धित साहित्यको अध्ययन, पूर्व अध्ययनको महत्त्व, सैद्धान्तिक धारणात्मक रूपरेखा, अध्ययनको ढाँचा, तथ्याङ्क/सूचना सङ्कलनका साधनहरू, तथ्याङ्क/सूचना सङ्कलनका विधि/पद्धति, तथ्याङ्क विश्लेषण र मूल्याङ्कन पद्धति, परिणाम छलफल/विश्लेषण, साराशं निष्कर्ष र उपयोगिता गरी व्यवस्थित गरिएको छ ।

शैक्षिक अवस्थाका आधारमा पनि भाषिक भेद छुट्याइन्छ । भाषिक भेद सिर्जना गर्ने प्रमुख कारणको रूपमा शैक्षिक अवस्थालाई पनि लिइन्छ । शिक्षा प्राप्त गरेको नगरेको व्यक्तिले प्रयोग

गर्ने भाषामा अन्तर देखिन्छ । शिक्षाका आधारमा शिक्षित र अशिक्षित पात्र छन् । शिक्षित पात्र कम र अशिक्षित पात्र बढी रहेको पाइन्छ । उनीहरूले प्रयोग गरेको संवादका आधारमा शिक्षित वर्गमा राजेन्द्रराज, शान्तिराजा, निराकाजी, डा. मुन्ने खाँ, मन्त्रीको पि.ए., हाकिम, दरगाहा बाबा, लौटेनसिंह थापालाई लिन सकिन्छ । प्रेमललवा, कलुवा, ननकउ, द्रोपदी, सावित्री, कलुवाकी श्रीमती आदि अशिक्षित पात्र हुन । शिक्षित र अशिक्षित वर्ग छुट्याउन भाषाको प्रयोग र भूमिकालाई आधार मानिएको छ ।

## ५.२ निष्कर्ष

भाषाविज्ञानको शाखाका रूपमा समाज भाषाविज्ञान आएको हो । समाजभाषाविज्ञान भाषाको समाजपरक अध्ययन हो । प्रायोगिक भाषाविज्ञान आधुनिक भाषाविज्ञानको एउटा पाटो हो भने प्रायोगिक भाषाविज्ञानको एक महत्त्वपूर्ण शाखा समाजभाषाविज्ञान हो । भाषाविज्ञानले संरचना पक्षमा जोड दिँदा समाजभाषा विज्ञानले तिनको अन्तरसम्बन्ध तथा व्यवस्थाको वर्णनमा जोड दिन्छ । चम्स्कीले समाजभाषाविज्ञानलाई भाषाको सन्दर्भपरक प्रयोग र त्यसको सामर्थ्यको संज्ञा दिएका छन् । भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको महत्त्वपूर्ण तथा प्रभावकारी अध्ययन भएकाले पनि समाजमा यसको के-कस्तो सन्दर्भ वा कसरी प्रयोग हुन्छ भन्ने कुराको अध्ययन समाजभाषाविज्ञानमा हुन्छ ।

भाषा सामाजिक संरचनाका आधारमा सिर्जित हुने गर्दछ र सामाजिक भेद अनुसार विविधता पाइन्छ । एउटा जीवन्त भाषामा क्षेत्रीय, सामाजिक, प्रयोजनपरक जस्ता विभिन्न किसिमका भेदहरू, रहेका हुन्छन् । जसका सामाजिक भेद वर्गीय समाजका कारणले निर्मित जटिल भेद हो । एउटै समाजभित्र आ-आफ्नै परम्परा र मान्यतामा आधारित धेरै समुदायहरु रहन्छन् र तिनको बोलीमा पृथकीकरण रहन्छ । यही नै भाषिका वा भाषा जातजाति, लिङ्ग, उमेर, शिक्षा, पेशा, जस्ता कारणले प्रभावित र सिर्जित हुने गर्दछ ।

समाजका सम्पूर्ण समस्या गरिबीको यथार्थता अशिक्षाका कारण बेरोजगारले झेल्नुपरेको दुःख, कष्ट, पीडा, वादी समूदायका महिलाहरूको दर्दनाक अवस्था, देहव्यापार जस्ता असामाजिक कार्यलाई नेताहरूले ठग्ने वा सही काम नगर्ने जस्ता कार्यलाई यस उपन्यासका माध्यमबाट छर्लङ्ग देखाइएको छ । उपन्यासमा सुरुदेखि अन्तिमसम्म रहेको मुख्य पुरुष पात्र प्रेमललवाकै

सेरोफेरोमा मेनरोड, सुर्खेत रोड, कोरियनपुरवा, परसपुर, काठमाडौं आदि सहर र गाँउ वरिपरिको परिवेशमा उपन्यासको अन्त्य भएको छ ।

## ५.३ उपयोगिता

कुनैपनि साहित्यिक कृतिको समाजभाषिक अध्ययन गर्दा समाजमा कसरी व्यक्तिहरूले अन्याय, अत्याचार गर्दछन्, कसरी दुःख दिएर उठीबास लगाउदछन् भन्ने कुरा थाहा पाउनका लागि उपयोगी हुन्छ । मनोरञ्जन प्राप्त गर्न, शिक्षाक्षेत्रमा प्रयोग गर्न, समाजमा भइरहेको अन्याय, अत्याचार, शोषण, दुर्व्यवहारलाई हटाएर सभ्य समाजको कल्पना कसरी गर्न सकिन्छ भन्ने कुरा थाहा पाउन उपयोगी हुन्छ ।

यसले आउँदो समयमा अध्ययन गर्न सहयोग गर्ने देखिन्छ । भाषिक क्षेत्रमा नेपाली उपन्यासलाई वर्ग, लिङ्ग, उमेर, शैक्षिक र जातीय छुट्याउन सहयोग गर्दछ । आउँदा समयमा अनुसन्धानको क्षेत्रमा सहयोगी बन्नेछ । यस शोध अध्ययनको उपयोगिताहरू निम्नानुसार प्रस्तुत गरिन्छ ।

### ५.३.१ नीतिगत तह

यस शोधकार्यको अध्ययनबाट निम्न नीति र नियमहरू निर्माण गर्न यस अध्ययनको उपयोगिता रहेको छ ।

क) भाषिक मूल्याङ्कन गर्न

ख) समाजभाषिक अध्ययनले कुनै पनि कृतिमा रहेको वास्तविक धरातललाई चिनाउने भएकाले समाज सुधारका लागि यस्ता अनुसन्धानहरू गर्नु पर्ने देखिन्छ ।

ग) शिक्षक तथा विद्यार्थीलाई समाज भाषाविज्ञानको परिचय, सिद्धान्त तथा क्षेत्रहरूको बारेमा जानकारी प्रदान गर्न ।

### ५.३.२ प्रयोगगत तह

यस शोधकार्यका प्रयोगगत उपयोगिताहरू निम्नानुसार रहेका छन् :

क) पाठ्यसामग्री, पाठ्यक्रम निर्माण गर्नु, शैक्षिक सामग्री, विधि, प्रविधिको छनोट गर्न तथा भाषिक मूल्याङ्कन गर्नका लागि प्रस्तुत शोधकार्यलाई उपयोग गर्न सकिन्छ ।

(ख) यस कृतिको अध्ययनबाट जीवनमा आइपर्ने हरेक दुःख, कष्ट र पीडाको सामना गर्दै जीवन व्यतीत गर्न हरेक व्यक्तिलाई सहयोग प्रदान गर्न ।

ग) समाजमा रहेका सकारात्मक र नकारात्मक कुराहरूको  गरी समाज सुधार गर्नुका साथै देशविकास, राष्ट्रनिर्माण र मानवतावादी भावनाको विकास गराउन सहयोग पुऱ्याउनुका साथै यस उपन्यासमा रहेको समाज, पात्रहरूको चरित्रचित्रण, पात्रले प्रयोग गरेका भाषालाई वर्ग, लिङ्ग, जाति, उमेर, शिक्षाका अवस्थाका आधारमा अध्ययन गर्न सहयोग पुऱ्याउँदछ ।

## ५.४ भावी अनुसन्धानका सम्भावित शीर्षकहरु

१. गोकुल जोशीका कवितामा पाइने प्रगतिवादी चिन्तनको अध्ययन,

२. बाँच र बाँच्न देऊ कविता सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन

३. गोकुल जोशीका कवितामा पाइने समाजको वर्गीय अध्ययन

# सन्दर्भसामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०६५), 'सामाजिक र प्रायोगिक भाषाविज्ञान', काठमाडौं : रत्न पुस्तक भण्डार ।

अर्याल, कल्पना (२०६७), 'अविरल बग्दछ इन्द्रवती उपन्यासको समाजभाषिक अध्ययन', त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

डाँगी, दिब्यस्वरी (२०६९), 'माइतघर उपन्यासको समाजभाषिक अध्ययन', त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

डुम्रे, राजेन्द्र (२०६५), 'बसाइ उपन्यासको समाजभाषिक अध्ययन', त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

ढकाल, भानुभक्त (२०६९), 'नरेन्द्र दाइ उपन्यासको समाजभाषिक अध्ययन', त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

देवी उमा (२०७०), 'एक चिहान उपन्यासको समाजभाषिक अध्ययन', त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

नायक सिह, भवानी (२०६६), 'कञ्चनपुर जिल्लाका कक्षा ७ का विद्यार्थीहरूको समाजभाषिक स्थिति र भाषा सिकाइमा त्यसको प्रभाव एक अध्ययन, त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

नेपाल इश्वरी (२०६८), 'सिन्धुपाल्चोक जिल्लामा अध्ययनरत कक्षा सातका विद्यार्थीको कक्षागत सामाजिक अध्ययन', त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

पौडेल, श्यामा (२०७०), प्रतिवद्व उपन्यासको समाजभाषिक अध्ययन, त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

पौडेल, प्रताप (२०७०), 'एक चिहान उपन्यासको समाजभाषिक अध्ययन', त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

भट्टराई, लक्ष्मी (२०६५), 'रूपन्देही जिल्लामा अध्ययनरत कक्षा आठका विद्यार्थीहरूको कक्षागत समाजभाषिक अध्ययन', त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

भण्डारी, पारसमणि र पौड्याल सालिकराम (२०७०), 'सामाजिक भाषाविज्ञान र मनोविभाषाविज्ञान', काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

रोका, हिकमत (२०७०), 'मुलुक बाहिर उपन्यासको समाजभाषिक अध्ययन', त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।